# Indicators for Monitoring Economic, Social and Cultural Rights in Nepal

# A User's Guide

# प्रयोगकर्ता पुस्तिका

## नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू

National Human Rights Commission, Nepal

Government of Nepal

UNITED NATIONS HUMAN RIGTHS OFFICE OF THE HIGH COMMISSIONER NEPAL

# Indicators for Monitoring Economic, Social and Cultural Rights in Nepal

# A User's Guide
# प्रयोगकर्ता पुस्तिका

## नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकाङ्कहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको
सूचकाङ्कहरू सम्बन्धी कार्यसमूह
काठमाडौं, नेपाल

All rights reserved. The contents of the publications may be freely quoted or reproduced or stored in a retrieval system for non-commercial purposes, provided that credit is given and a copy of the publication containing the reprinted material is sent to the National Human Rights Commission (NHRC), Pulchowk, Lalitpur and the United Nations Office of the High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal), Chhauni, Kathmandu.

September 2011

For more information please contact:

**National Human Rights Commission of Nepal (NHRC)**
Harihar Bhawan, Lalitpur
P.O.Box 9182, Kathmandu
Tel: +977 1 5010015, 16, 17, 18
Fax: +977 1 5547973
Email: nhrc@nhrcnepal.org
Website: www.nhrcnepal.org

**Office of the High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal)**
Silu Building, Museum Road, Chhauni
P.O.Box 24555, Kathmandu
Tel: +977 1 4280164
Fax: +977 1 4670712
Email: registry.np@ohchr.org
Website: http://nepal.ohchr.org

Printed & Layout By: Release Publication Udhyog - 01 4783818

सर्वाधिकार सुरक्षित । पुल्चोक ललितपुरस्थित राष्ट्रिय मानवअधिकार आयोग (आयोग) तथा छाउनी काठमाडौंस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)मा प्रकाशनको एक प्रति र त्यसको श्रेय यी संस्थाहरूलाई दिएर यस प्रकाशनका विषयवस्तुहरू गैरव्यापारिक प्रयोजनका लागि उद्धरण गर्न वा पुर्नउत्पादन गर्न वा पछि प्रयोग गर्न सकिनेगरी सञ्चय गर्न सकिनेछ ।

आश्विन २०६८

थप जानकारीको लागि सम्पर्क राख्नुहोला:

**राष्ट्रिय मानवअधिकार आयोग**
हरिहरभवन, ललितपुर
पोष्ट बक्स नं.: ९१८२, काठमाडौं
फोन नं.: + ९७७ १ ५०१००१५, १६, १७, १८
फ्याक्स नं.: + ९७७ १ ५५४७९७३
इमेल: nhrc@nhrcnepal.org
वेबसाइट: www.nhrcnepal.org

**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय-नेपाल)**
सिलु बिल्डिङ्ग, म्युजियम रोड, छाउनी
पोष्ट बक्स नं.: २४५५५, काठमाडौं
फोन नं.: + ९७७ १ ४२८०१६४
फ्याक्स नं.: + ९७७ १ ४६७०७७२
इमेल: registry.np@ohchr.org
वेबसाइट: http://nepal.ohchr.org

मुद्रण तथा ले-आउट : रिलिज पब्लिकेशन उद्योग ०१ ४७८३८१८

# Foreword

In fulfillment of its mandate, the National Human Rights Commission has monitored and investigated cases of human rights violation concerning people's civil and political rights ever since its inception at the peak of conflict in Nepal, and has continued to do so during the post-conflict period.

Having realized the absence of opportunity for the enjoyment of basic rights of people to be the root cause of conflict in the country, NHRC, since its early days, has prioritized the Economic, Social and Cultural Rights ( ESCR) of the members of marginalized and vulnerable groups having due consideration to other rights as well. As envisaged through NHRC's strategic plan, these rights are crucial to address the issues of the citizens who have been alienated and uplift their impoverished life standard. Failing to address the issues as such would hinder the peace and stability. I am of the opinion that citizens can feel the fulfillment of their rights when they enjoy the basic rights such as ESCR in real sense.

In this regard, it is worthwhile to mention here that NHRC has received numerous complaints on the incidents of violation of ESCR along with the Civil and Political rights that have been taking place in different corners of the country.

The development of indicator of monitoring economic, social and cultural rights in Nepal is a praiseworthy initiative. NHRC is pleased to pioneer this endeavor focusing mainly on five different rights viz. Right to Food, Right to Housing, Right to Health and Right to Education and Right to Work provisioned in the constitution and their implementation.

# प्राक्कथन

राष्ट्रिय मानवअधिकार आयोगले जनताका नागरिक तथा राजनीतिक अधिकारहरूको उल्लङ्घनसम्बन्धी घटनाहरूको अनुगमन तथा अनुसन्धान गर्ने आफ्नो कार्यादेश बहन गर्दै आएको छ। कार्यादेश वहन गर्ने क्रममा आयोगले मुलुकमा द्वन्द्वको उत्कर्षको बीचमा आफ्नो स्थापनाकालदेखि नै जनताका नागरिक तथा राजनीतिक अधिकारहरूको उल्लङ्घनका घटनाहरूको अनुगमन तथा अनुसन्धानमा दृढतापूर्वक लागेको छ र यो द्वन्द्वोत्तर कालमा पनि निरन्तर जारी छ।

जनताले आधारभूत अधिकारहरू उपभोग गर्न नपाउनु देशमा द्वन्द्वको मूल कारण भएको कुरालाई महसुस गरेर अयोगले आफ्नो सुरुआति दिनदेखि नै अन्य अधिकारहरूप्रति पनि उचित ध्यान पुऱ्याउँदै सीमान्तीकृत र जोखिममा रहेका समूहका सदस्यहरूका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई प्राथमिकतामा राखेको छ। आयोगको रणनीतिक योजनामा परिकल्पना गरिएअनुसार अलगथलग पारिएका नागरिकका मुद्दाहरूलाई सम्बोधन गर्न र गरिबीपूर्ण जीवनस्तरलाई माथि उठाउन यी अधिकारहरू अत्यन्त महत्वपूर्ण छन्। ती मुद्दाहरूको सम्बोधन हुन नसके शान्ति र स्थिरतामा बाधा पुग्छ। मेरो विचारमा नागरिकहरूले त्यतिखेर आफ्ना अधिकारहरू पूरा भएको महसुस गर्छन् जब उनीहरूले आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार जस्ता आधारभूत अधिकारहरू वास्तविक अर्थमा उपभोग गर्न पाउँछन्।

आयोगले देशका विभिन्न भागमा भइरहेका नागरिक तथा राजनीतिक अधिकारहरूका साथै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारका उल्लङ्घनका कैयौं उजुरीहरू प्राप्त गरिरहेको कुरा यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सूचकाङ्कहरूको विकास एक प्रशंसायोग्य पहल हो। संविधानमा व्यवस्थित खाद्य, आवास, स्वास्थ्य, शिक्षा, काम तथा रोजगारीको अधिकारको कार्यान्वयनमा मुख्यतः केन्द्रित यस कार्यको अगुवाइ गर्न पाएकोमा आयोगलाई खुसी लागेको छ। लामो समयदेखि आवश्यक मानिएको यो महत्वपूर्ण सामग्री तयार गरेकोमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सूचकाङ्क तयार गर्नमा संलग्न संयुक्त कार्यसमूहलाई म हार्दिक धन्यवाद दिन्छु।

I express my heartfelt thanks to the working group on ESCR Indicators for having devised the vital tool as deemed necessary for long. I hope the indicators, which are aimed at bridging the long felt gap, would be very much useful tool for the policy makers (State Actors), rights activists and human rights defenders to reinvigorate their efforts to work on the issues of ESCR of the citizens.

Thank you

_______________

Kedar Nath Upadhyay
Chairperson

लामो समयदेखि महसुस गरिएको खाडललाई पुर्ने लक्ष्य बोकेका यी सूचकाङ्कहरू नीति निर्माता (राज्यअधिकारीहरू), अधिकारकर्मी र मानवअधिकार रक्षकहरूका लागि नागरिकका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको मुद्दामा तिनका प्रयासलाई पुनःबल प्रदान गर्नमा अत्यन्त उपयोगी सामग्री हुनेछन् भन्ने म आशा गर्दछु।

धन्यवाद।

केदारनाथ उपाध्य
अध्यक्ष
राष्ट्रिय मानवअधिकार आयोग

# Foreword

Lack effective enjoyment of economic, social and cultural rights (ESCR) by the members of marginalized and vulnerable groups such as women, children, Dalits, indigenous peoples, religious and sexual minorities and persons with disabilities, to name a few, has widely been recognized as one of the root causes of the conflict in Nepal. This is well reflected in the Interim Constitution of Nepal 2007 and the Comprehensive Peace Agreement (CPA) signed between the Government of Nepal and the Unified Communist Party of Nepal (Maoists) in 2006. Both instruments underline the need to economic and social transformation. Continue failure to address that root cause may negatively affect the fragile peace in Nepal.

Moreover, non-enjoyment of economic, social and cultural rights in Nepal these population groups is linked to discrimination and inequality deeply rooted in the Nepali society for ages. This must be corrected for building a society that respects and upholds human rights of all-- a society that is envisaged by the Interim Constitution and the CPA.

United Nations Office of the High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal) has identified ESCR and combating discrimination as one of the priority areas since 2008 and has been strengthening capacity of the national stakeholders to deal with violation and denial of ESCR. Unlike civil and political rights, monitoring economic, social and cultural rights requires certain tools and methods which most of the stakeholders in Nepal rightly voiced as lacking part while interacting with my Office.

# प्राक्कथन

नेपालमा सीमान्तीकृत र असुरक्षित समूहका सदस्यहरू जस्तै थोरैको नाम लिनुपर्दा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, धार्मिक तथा यौन अल्पसंख्यक र अपाङ्गता भएका व्यक्तिहरूले प्रभाकारीरूपमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू उपभोग गर्न नसक्नुलाई द्वन्द्वको मुख्य कारणहरूमध्य एक हो भनेर सबैले मान्य गरेका छन् । नेपालको अन्तरिम संविधान २०६३ र विस्तृत शान्ति सम्झौताले यसलाई आत्मसात गरेको छ । दुबै दस्तावेजले आर्थिक र सामाजिक रूपान्तरणलाई केन्द्रबिन्दुमा राखेका छन् । द्वन्द्वको यो मूल कारणलाई सम्बोधन गर्न सकिएन भने देशमा जारी शान्ति प्रक्रियामा नकारात्मक असर पर्न सक्छ ।

त्यस्तै, नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सबै जनसङ्ख्याले उपभोग गर्न नसक्नुमा सदियौ देखि नेपाली समाजमा जरा गाडेर बसेको भेदभाव र असमानता जोडिएको छ । अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौताले परिकल्पना गरेअनुसार सबैको मानवअधिकारको सम्मान र संरक्षण गर्ने समाजको निर्माण गर्ने हो भने यस्ता विभेद र असमानतालाई हटाउनै पर्छ ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले सन् २००८ देखिनै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू र विभेदविरुद्धको लडाइलाई आफ्नो प्राथमिकताको क्षेत्र पहिचान गरी ती अधिकारहरूको उल्लङ्घनमा कसरी काम गर्ने भन्नेबारेमा राष्ट्रिय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै आइरहेको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमन नागरिक तथा राजनैतिक अधिकारहरूको अनुगमन जस्तो नभई यसको लागि केही निश्चित सामाग्री र विधिहरूको आवश्यक्ता पर्दछ जुन नेपालमा अभाव रहेको कुरा धेरै सरोकारवालाहरूले मेरो कार्यालयसँगको अन्तरक्रियामा औंल्याउने गरेका छन् ।

This User's Guide on indicators is result of the interaction and collaboration between OHCHR-Nepal and stakeholders. The indicators proposed in this Guide, which translate the legal narratives contained in the international human rights standards-- International Covenant on Economic, Social and Cultural Rights (ECESCR) in particular-- into attributes and quantifiable measurements that are tangible, can be a useful tool for stakeholders involved in the protection and promotion of ESCR in Nepal.

I hope, with the proper use of these indicators, the national human rights institutions, the Government and civil society organizations will be able not only to monitor the level of realization of ESCR, but also to set a time-bound goals and benchmarks to effect progressively the full realization of ESCR for all sections of society in Nepal.

With the promulgation of new constitution, which one can expect better incorporation of measures for the protection of ESCR, the significance of these indicators will be further increased.

I would appreciate the commitment and patient labour of the members of the Working Group on ESCR Indicators for developing this monitoring tool in coordination and support of my Office.

Thank you.

__________________

Jyoti Sanghera, Representative, a.i., OHCHR-Nepal

सूचकाङ्कसम्बन्धी यो प्रयोगकर्ताको सहयोगी पुस्तिका उच्चायुक्तको कार्यालय र सरोकारवालाहरूबीचको अन्तरक्रिया र संयुक्त कार्यको उपज हो । यस सहयोगी पुस्तिकामा समेटिएका सूचकाङ्कहरू आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षण तथा संवदर्धमा क्रियाशील सबै सरोकारवालाको लागि उपयोगी सामाग्री हुन सक्छ जसले मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डहरू र त्यसमा पनि मुख्यगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अभिसन्धिमा उल्लेखित कानुनी मापदण्डलाई त्यसका महत्वपूर्ण विशेषता र परिमाणाममा मापन गर्न सकिने हिसावले प्रस्तुत गरिएका छन् ।

यी सूचकाङ्कहरूको ठिक प्रयोग गरिएको खण्डमा राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, सरकार र नागरिक समाज सङ्गठनहरू सबै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग कुन अवस्थामा छ भन्ने अनुगमन मात्रै हैन समाजका सबै तह र तप्काका लागि समय निर्दृष्ट लक्ष्य र मापदण्डहरूको निर्धारणसहित  ती अधिकारहरूको क्रमिक तथा प्रगतिशील कार्यान्वयन सुनिश्चित गर्न सक्षम हुनेछ भन्न म आशा राख्छु। आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सुनिश्चततासहित नयाँ संविधानको निर्माण पश्चात यी सूचकाङ्कहरूको महत्व र सान्दर्भिकता अरू बढ्नेछ।

उच्चायुक्तको कार्यालयको सहयोग र समन्वयमा यस अनुगमन सहयोगी पुस्तिकाको तयार गर्नमा कार्यसमूहका सदस्यहरूको अथक परिश्रम र लगनशिलताको म सह्राना गर्न चाहन्छु।

धन्यवाद !

ज्योती संघेरा, प्रतिनिधि
उच्चायुक्तको कार्यालय, नेपाल

# Preface

Effective monitoring of economic, social and cultural rights (ESCR) is an essential but equally challenging task in both developed and developing societies. Nepal is not an exception to this. One of the reasons is lack of appropriate tools and methods that cater to the needs of the actors involved in it. This User's Guide is an attempt to bridge this gap.

Developed by the Working Group on ESCR Indicators, under the initiation and coordination of United Nations Office of the High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal), this User's Guide contains structural, process and outcome indicators to monitor the rights to adequate food, housing, health, education and work in Nepal.

The Working Group hopes that the indicators which require authentic and disaggregated data will help the national institutions, civil society and human rights defenders effectively assess whether the realization of ESCR in Nepal is progressive, stagnant or retrogressive.

The Government could use the indicators to assess the effectiveness of its periodic plans and programmes relating to ESCR. On top, the indicators will help the national actors, particularly the Government to engage with the UN Committee on Economic, Social and Cultural Rights (CESCR) in a constructive and fruitful manner to advance the realization of ESCR in Nepal.

The preparation of this Guide was encouraged by the words of the former UN Special Rapporteur on the right to health, Prof. Paul Hunt who said in 1998: "Indicators and benchmarks have an especially important role in relation to the shifting State obligations implicit in the concepts of

# भूमिका

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्रभावकारी अनुगमन विकसित तथा विकासोन्मुख दुवै मुलुकहरूमा एक अत्यावश्यक तर चुनौतीपूर्ण कार्य हो। नेपाल यसको अपवाद हुन सक्दैन। तीमध्ये एउटा कारण यसमा संलग्न पात्रहरूका आवश्यकताहरूलाई पूरा गर्ने उपयुक्त पाठ्यसामग्री तथा विधिहरूको अभाव हो। यस प्रयोगकर्ता पुस्तिकाले यस खाडललाई पुर्ने प्रयत्न गरेको छ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल)को अग्रसरता, मार्गदर्शन र सहयोगमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका सूचकाङ्कहरूसम्बन्धी कार्यसमूहद्वारा तयार पारिएको यो प्रयोगकर्ता पुस्तिकामा नेपालमा पर्याप्त खाद्य, आवास, स्वास्थ्य, शिक्षा तथा कामको अधिकारको अनुगमन गर्न आवश्यक संरचनागत, प्रक्रियागत तथा परिणामगत सूचकाङ्कहरू समेटिएका छन्।

सत्यतथ्य तथा विखण्डित तथ्याङ्कमाको उपलब्धतामा जोड्दिने यी सूचकाङ्कहरूले राष्ट्रिय संस्थाहरू, नागरिक समाज र मानवअधिकार रक्षकहरूलाई नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग प्रगतिशील, यथास्थिति वा पश्चकगामी के छ भनेर प्रभावकारी ढङ्गले अनुगमन गर्न सघाउ पुऱ्याउने आशा कार्यसमूहले राखेको छ।

सरकारले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी आवधिक योजना र कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन गर्न यी प्रस्तावित सूचकाङ्कहरूको प्रयोग गर्न सक्नेछ। त्यसबाहेक, यी सूचकाङ्कहरूले नेपालमा यी अधिकारहरूको उपभोगलाई अगाडि बढाउन आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिसँग नियमित आधारमा रचनात्मक तथा फलदायी रूपमा संलग्न हुन सरकार एवं अन्य सरोकारवालाहरूलाई सघाउ पुऱ्याउनेछ।

“progressive realization” and “maximum available resources”. Indeed, without human rights indicators and benchmarks, it is difficult to see how these elusive concepts can be effectively monitored."[1]

As this User’s Guide seeks disaggregated data on indicators, it will help the actors capture status of discrimination and equality in relation to enjoyment of ESCR in Nepal. The indicators will also help stakeholders strengthen accountability for the violation and denial of ESCR which remains a challenge to overcome for the respect, protect and fulfill ESCR.

Working Group on ESCR Indicators
Kathmandu, Nepal
September 2011

1 Professor Paul Hunt was Special Rapporteur on the right to health from 2002-2008 and made the above mentioned statement in a background paper submitted to the CESCR on 30 November 1998, E/C.12/1998/11.

स्वास्थ्यसम्बन्धी पूर्व संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदक प्रा. पउल हन्टले सन् १९९८ मा भनेका शब्दहरूद्वारा यो पुस्तिका तयार पार्ने कार्यलाई प्रोत्साहन मिलेको थियो। उनले भनेका थिएः "सूचकाङ्क" तथा "मापदण्डहरू"ले "प्रगतिशील उपभोग" तथा "अधिकतम उपलब्ध स्रोतहरू"को अवधारणाहरूमा निहित राज्यका बदलिंदा दायित्वहरूका सम्बन्धमा खेल्नुपर्ने भूमिका विशेषतः महत्वपूर्ण हुन्छ। वास्तवमा भन्ने हो भने मानवअधिकार सूचकाङ्क तथा मापदण्डविना यी बुझ्न नसकिने अवधारणाहरूलाई कसरी प्रभावकारी ढङ्गले अनुगमन गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन गाह्रो छ।[१]

यस प्रयोगकर्ता पुस्तिकाले विखण्डित तथ्याङ्क तथा जानकारी खोज्ने कार्यलाई उच्च महत्व दिएको हुनाले नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृति अधिकारहरूको उपभोग व्यवहारमा अविभेद, समानता, प्रतिनिधित्व, सहभागिता तथा जवाफदेहीता जस्ता मानवअधिकारका सिद्धान्तहरूमा आधारित छ कि छैन भनी अनुगमन गर्न सम्बन्धित पक्षहरूलाई सघाउनेछ भन्ने हाम्रो अपेक्षा छ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको
सूचकाङ्कसम्बन्धी कार्यसमूह,
काठमाडौं, नेपाल
आश्विन २०६८

१ प्रा. पउल हन्ट सन् २००२ देखि २००८ सम्म स्वास्थ्यसम्बन्धी विशेष प्रतिवेदक थिए र उनले नोभेम्बर १९९८ मा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुसम्बन्धी संयुक्त राष्ट्रसंघीय समितिमा पेश गरिएको पृष्ठभूमि कार्यक्रममा माथि उल्लेखित भनाई व्यक्त गरेका थिए

# List of Abbreviations

| | |
|---|---|
| ART | Anti-Retroviral Therapy |
| BEOC | Basic Emergency and Obstetrics Care |
| CEOC | Comprehensive Emergency Obstetrics Care |
| CLC | Child Learning Centre |
| ECEDC | Early Childhood Education and Development Centre |
| CERD | Convention on the Elimination of All Forms of Racial Discrimination |
| CEDAW | Convention on the Elimination of All Forms of Discrimination against Women |
| CERD | Convention on the Elimination of Racial Discrimination |
| CRC | Convention on the Rights of the Child |
| CRPD | Convention on the Rights of Persons with Disabilities |
| ESCR | Economic, Social and Cultural Rights |
| GBV | Gender-based Violence |
| ICESCR | International Covenant on Economic, Social and Cultural Rights |
| ILO | International Labour Organisation |
| NDC | National Dalit Commission |
| NIs | National Institutions |
| NHRC | National Human Rights Commission |
| NHRAP | National Human Rights Action Plan |
| NWC | National Women Commission |
| ODA | Official Development Assistance |
| OHCHR-Nepal | Office of the High Commissioner for Human Rights in Nepal |
| MoHP | Ministry of Health and Population |
| MDGs | Millennium Development Goals |
| PMTCT | Prevention of Mother to Child Transmission |
| SBA | Skilled Birth Attendance |
| TB | Tuberculosis |
| VDCs | Village Development Committees |

# संक्षिप्त रूप

| | |
|---|---|
| एआरटी | एन्टी रिट्रोभाइरल थेरापी |
| बीईओसी | आधारभूत आकस्मिक तथा प्रसुति सेवा |
| सीईओसी | पूर्ण आकस्मिक तथा प्रसूति सेवा |
| सीएलसी | सामुदायिक अध्ययन केन्द्र |
| ईसीईडीसी | प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र |
| सर्ड | सबै स्वरूपका जातीय भेदभावको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि |
| सीड्अ | महिलाविरुद्ध हुने सबै स्वरुपका विभेदको उन्मूलनसम्बन्धी महासन्धि |
| सीआरसी | बाल अधिकार महासन्धि |
| सीआरपीडी | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि |
| ईएससीआर | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू |
| जीवीभी | लैङ्गिक हिंसा |
| आईसीएससीआर | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि |
| आईएलओ | अन्तर्राष्ट्रिय श्रम सङ्गठन |
| एनडीसी | राष्ट्रिय दलित आयोग |
| एनआईज | राष्ट्रिय संयन्त्रहरू |
| एनएचआरसी | राष्ट्रिय मानवअधिकार आयोग |
| एनएचआरपी | राष्ट्रिय मानवअधिकार कार्ययोजना |
| एनडब्लुसी | राष्ट्रिय महिला आयोग |
| ओडीए | आधिकारिक विकास सहायता |
| ओएचसीएचाआरनेपाल | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपाल |
| एमओएचपी | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| एमडीजी | सहस्राब्दी विकास लक्ष्य |
| पीएमटीसीटी | आमाबाट शिशुमा हुने संक्रमणको रोकथाम |
| एसबीए | दक्ष स्वास्थ्यकर्मीको हेरचाहमा हुने जन्म |
| टीबी | क्षयरोग |
| गाविस | गाउँ विकास समितिहरू |

# Table of Contents


| | | | |
|---|---|---|---|
| Chapter 1: Introduction | | | 1-5 |
| 1.1 | Background | 1-3 | |
| 1.2 | Objectives | 3 | |
| 1.3 | Methodology | 3-5 | |
| 1.4 | Limitation | 5 | |
| Chapter 2: Human Rights indicators as a tool to monitor ESCR | | | 7-13 |
| 2.1 | A conceptual framework | 7 | |
| 2.2 | Identifying attributes | 7 | |
| 2.3 | Configuration of indicators | 9-13 | |
| 2.4 | Capturing core human rights principles | 13 | |
| Chapter 3: Nepal's obligation on ESCR under national and international laws | | | 15-25 |
| 3.1 | Obligation under international laws | 15 | |
| 3.2 | Obligation under national laws | 15-21 | |
| | 3.2.1 Constitutional obligations | 15 | |
| | 3.2.2 Statutory obligations | 17 | |
| | 3.2.3 Case laws | 19-21 | |
| 3.3 | Obligations to respect, protect and fulfill | 21 | |
| 3.4 | Progressive and immediate obligations and minimum core contents | 23-25 | |

# विषय सूची


परिच्छेद १ः २–६

परिचय

१.१ पृष्ठभूमि २–४

१.२ उद्देश्यहरू ४

१.३ अध्ययन विधि ४–६

१.४ सीमाहरू ६

परिच्छेद २; ८–१४

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनको लागि मानवअधिकार सूचकाङ्क एक सामग्रीको रूपमा

२.१ अवधारणा ८

२.२ अधिकारहरूका अन्तर्निहित विशेषताहहरूको पहिचान ८

२.३ सूचकाङ्कहरूको प्रकार १०–१४

२.४ मानवअधिकारका साझा सिद्धान्तहरूका लागि सूचकाङ्कहरू १४

परिच्छेद ३ः १६–२६

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी नेपालको दायित्वहरू

३.१ अन्तराष्ट्रिय कानुनअन्तर्गतका दायित्वहरू १६

३.२ राष्ट्रिय कानुनअन्तर्गत दायित्व १६–२०

३.२.१ संवैधानिक दायित्व १६

३.२.२ कानुनी दायित्व १८

३.२.३ न्यायिक नजिर ("केस ल") २०-२२

३.३ सम्मान, संरक्षण तथा पुरागर्नुपर्ने गर्ने दायित्व २२-२४

३.४ क्रमिक तथा तत्कालीन र न्यूनतम दायित्वहरू २४–२६

| | | | |
|---|---|---|---|
| Chapter 4: Indicators for the selected ESC rights | | | 27-57 |
| 4.1 | The right to adequate food | 27-33 | |
| 4.2 | The right to adequate housing | 3 3-39 | |
| 4.3 | The right to highest attainable standard of physical and mental health | 41-45 | |
| 4.4 | The right to education | 47-51 | |
| 4.5 | The right to work | 53-57 | |
| Chapter 5: Indicators in practice | | | 59-61 |
| 5.1 | The need to identify baseline, goals and benchmarks | 59-61 | |
| 5.2 | Collection of data | 61 | |

परिच्छेद ४: २८–५८
छनोट गरिएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको लागि सूचकाङ्कहरू
४.१ पर्याप्त खाद्य अधिकार २८–३४
४.२ पर्याप्त आवासको अधिकार ३४–४०
४.३ उपभोग गर्न सकिने उच्चस्तरको
शारीरिक तथा मानसिक स्वास्थ्यको अधिकार ४२–४६
४.४ शिक्षाको अधिकार ४८–५२
४.५ काम गर्न पाउने अधिकार ५४–५८

परिच्छेद ५: ६०–६२
सूचकाङ्कहरूको व्यावहारिक प्रयोग
५.१ बेसलाइन, लक्ष्य र मापदण्डको निर्धारण ६०–६२
५.२ तथ्याङ्क वा सूचना सङ्कलन ६२

# CHAPTER 1

# INTRODUCTION

## 1.1 Background

Lack of appropriate tools and methods is widely recognized as one of the major challenges while monitoring economic, social and cultural rights (ESCR) in Nepal. With a view to address this gap, OHCHR-Nepal, in collaboration with the national institutions[2], has advocated for the identification and use of human rights indicators. Human rights indicators can be defined as specific information on the state of an event, activity or an outcome that relate to human rights norms and standards; that address and reflect the human rights concerns and principles; and, that are used to assess and monitor the promotion and protection of human rights at a national level.[3]

The work started in 2008 with a series of capacity-building initiatives on monitoring ESCR, notably training workshops designed for national institutions, the Government, NGOs and community based organizations. These capacity-building programmes focused on identifying and using indicators as a tool for monitoring ESCR, among other topics. They continued throughout 2009 and 2010 in different parts of the country (see Annex 1).

In 2009, a Working Group on ESCR Indicators was established at a national level with a view to expedite the identification of monitoring indicators for ESCR in Nepal. Composed of representatives from the National Human Rights Commission (NHRC), the National Women Commission (NWC), the National Dalit Commission (NDC), the Community Self-Reliance Centre (CSRC)[4], the Ministry of Health & Population (MoHP) and OHCHR-Nepal, the Working Group decided to establish indicators for the rights to food, housing, health, education and work (see Annex 2).

2 NHRC, NWC, NDC
3 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008.
4 A Kathmandu-based NGO working on land rights and related issues.

परिच्छेद १

# परिचय

## १.१ पृष्ठभूमि

उपयुक्त सामग्री तथा विधिहरूको अभाव नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमन गर्दाका मुख्य चुनौतीहरूमध्ये एक हो । यस खाडललाई सम्बोधन गर्ने उद्देश्यले उच्चायुक्तको कार्यालय-नेपालले राष्ट्रिय संस्थाहरूसँगको[२] सहकार्यमा मानवअधिकारसम्बन्धी सूचकाङ्कहरूको पहिचान तथा प्रयोगका लागि वकालत गरिरहेको छ। यी मानवअधिकार सूचकाङ्कहरूलाई मानवअधिकारका मूल्य र मापदण्डहरूसँग सम्बन्धित कुनै कार्यक्रम, गतिविधि वा परिणतिको अवस्थाबारेको विशिष्ट जानकारीको रूपमा परिभाषा गर्न सकिन्छ जसले मानवअधकारसम्बन्धी सरोकार तथा सिद्धान्तहरूलाई सम्बोधन तथा प्रतिविम्बित गर्दछन् र तिनलाई राष्ट्रिय तहमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनको मूल्याङ्कन तथा अनुगमन गर्न प्रयोग गरिन्छ।[३]

खासगरी, राष्ट्रिय संस्थाहरू, सरकार, गैससहरू तथा समुदायमा आधारित सङ्गठनहरूका लागि तयार पारिएका तालिम कार्यशालाहरूको आयोजना गरेर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनसम्बन्धी क्षमता अभिवृद्धिका शृखलाबद्ध पहलहरू सन् २००८ मा सुरु भयो। यी क्षमता अभिवृद्धि कार्यक्रमहरू, अन्य कुराका अतिरिक्त, यी अधिकारहरूको अनुगमनका लागि सूचकाङ्कहरूलाई एक सामग्रीको रूपमा पहिचान गर्ने तथा तिनलाई प्रयोग गर्ने कार्यमा केन्द्रित थिए । यस्ता गतिविधिहरू सन् २००९ र सन् २०१० भरि मुलुकका विभिन्नभागहरूमा निरन्तर जारी रहे (*परिशिष्ट १ हेर्नुहोस्*) ।

सन २००९ मा नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका लागि अनुगमन सूचकाङ्कहरूको पहिचानलाई तीव्रताका साथ अगाडि बढाउने उद्देश्यले राष्ट्रिय तहमा ती अधिकारसम्बन्धी एक कार्यसमूह स्थापना गरियो । राष्ट्रिय मानवअधिकार आयोग (आयोग), राष्ट्रिय महिला आयोग (महिला आयोग), राष्ट्रिय दलित आयोग (दलित आयोग), सामुदायिक आत्मनिर्भर केन्द्र[४] (सीएसआरसी), स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधिहरू मिली बनेको कार्यसमूहले खाद्य, आवास, स्वास्थ्य, शिक्षा र कामको अधिकारका लागि सूचकाङ्कहरूको पहिचान गर्ने निर्णय गऱ्यो (*परिशिष्ट २ हेर्नुहोस्*) ।

२ राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग

३ अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको पालना भएनभएको अनुगमनका लागि सुचकाङ्क सम्बन्धी प्रतिवेदन। एचआरआई/एमसी/२००८

४ भूमिअधिकार तथा सम्बद्ध मुदाहरूमा कार्य गर्ने काठमाडौंस्थित एक गैसस

In addition to a list of indicators for the selected ESCR, this User's Guide contains chapters dealing with the obligations of Nepal under national and international laws in relation to ESCR, a conceptual framework of human rights indicators and a chapter on the use of the indicators in practice.

## 1.2 Objectives

The objective of the User's Guide is to assist the national institutions, the Government, civil society organisations and human rights defenders in effectively monitoring the realization of ESCR in Nepal. The indicators specifically will:

- assist the Government, the national institutions, civil society organisations and NGOs to report objectively and engage constructively with national and international human rights mechanisms, including the UN Treaty Bodies;
- assist the stakeholders to strengthen accountability for the violation and denial of ESCR;
- assist the national institutions, civil society and human rights defenders, including lawyers, to further strengthen the justiciability of ESCR in Nepal;
- assist the Government not only to assess the effectiveness of its periodic plans and programmes, but also to formulate better policies and programmes for the progressive realisation of ESCR; and
- assist the UN and other international development agencies to increase the effectiveness to their projects and programmes related to ESCR, including ensuring human rights-based approach.

## 1.3 Methodology

The identification of indicators for the selected rights was done primarily on the basis of a list of illustrative human rights indicators developed by OHCHR in the global context[5]. However, a number of consultations with local, national and international stakeholders were convened in order to ensure the relevance and applicability of the indicators in the national context (see Annex 3).

In addition, rounds of focused group discussions between the members of the Working Group and individual experts and organizations were held.

5 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008.

छनोट गरिएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका लागि सूचकाङ्कहरूको सूचीका अतिरिक्त, यस प्रयोगकर्ता पुस्तिकामा ती अधिकारका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका नेपालका दायित्व, मानवअधिकार सूचकाङ्कहरूको अवधारणा र व्यवहारमा सूचकाङ्कहरूको प्रयोगसम्बन्धी परिच्छेदहरू समावेश गरिएका छन् ।

## १.२ उद्देश्यहरू

यस प्रयोगकर्ता पुस्तिकाको उद्देश्य नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोगलाई प्रभावकारी रूपमा अनुगमन गर्न राष्ट्रिय संस्थाहरू, सरकार, नागरिक समाजका सङ्गठनहरू तथा मानवअधिकार रक्षकहरूलाई सघाउ पुऱ्याउनु रहेको छ । विशेषतः यी सूचकाङ्कहरूलेः

- राष्ट्रिय संस्थाहरू, सरकार, नागरिक समाजका सङ्गठनहरू तथा गैससहरूलाई निष्पक्ष भएर प्रतिवेदन तयार गर्न तथा संयुक्त राष्ट्रसङ्घीय सन्धि निकायहरूलगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग रचनात्मक रूपमा संलग्न हुन मद्दत गर्नेछ;
- सरोकारवालाहरूलाई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उल्लङ्घन र त्यसलाई अस्वीकार गर्ने कार्यसम्बन्धी जवाफदेहीतालाई बलियो बनाउन मद्दत गर्नेछ;
- कानुन व्यवसायीलगायत राष्ट्रिय संस्थाहरू, सरकार, नागरिक समाज तथा मानवअधिकार रक्षकहरूलाई नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको न्याययोग्यतालाई थप बलियो बनाउन मद्दत गर्नेछ;
- सरकारलाई उसका आवधिक योजना तथा कार्यक्रमहरूको प्रभावकारिताको मूल्याङ्कन गर्न मात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको क्रमशः पूर्ण उपभोगका लागि अझ राम्रा नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्न पनि मद्दत गर्नेछ; र,
- संयुक्त राष्ट्रसङघलगायत अन्य अन्तर्राष्ट्रिय विकास साझेदार संस्था एवं निकायहरूलाई आफ्ना परियोजना र कार्यक्रमहरूको कार्यान्वयनमा मानवअधिकारमा आधारित अवधारणाको अरू बढी सुनिश्चिता सहित प्रभावकारिता वृद्धि गर्न सघाउनेछ ।

## १.३ अध्ययनविधि

छनोट गरिएका अधिकारहरूका लागि सूचकाङ्कहरूको पहिचान मूलतः विश्व सन्दर्भमा उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएका मानवअधिकार सूचकाङ्कहरूको सूचीका आधारमा गरिएको छ।[५] राष्ट्रिय तहमा ती सूचकाङ्कहरूको सान्दर्भिकता तथा व्यवहारिक प्रयोगलाई सुनिश्चित गर्न विभिन्न सरोकारवालाहरूसँग परामर्श गरिएको थियो (*परिशिष्ट ३ हेर्नुहोस्*) ।

त्यसबाहेक, कार्यसमूहका सदस्यहरू र व्यक्तिविशेष विशेषज्ञ तथा सङ्गठनहरूका बीच विभिन्न चरणमा समूहकेन्द्रित छलफलहरू भएका थिए ।

५ अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरुको पालनाको अनुगमनका लागि सूचकाङ्कसम्बन्धी प्रतिवेदन, एचआरआई/एमसी/२००८

In the process of identifying indicators, NHRC took a lead role on the right to food; CSRC on the right to housing; MoHP on the right to health; NDC on the right to education; and NWC on the right to work. Five sub-groups were formed to assist the lead agencies in their respective areas of work (see Annex 4).

OHCHR-Nepal coordinated the whole process of identifying and contextualising the indicators and provided necessary support to the Working Group.

The selection of these rights was made after concluding that their status of implementation was critical but does also correspond with the areas of expertise and interest of the Working Group members.

## 1.4 Limitations

Human rights indicators are a relatively new area of work for stakeholders in Nepal. There is a need to continue enhancing capacity of these stakeholders on the use of ESCR indicators.

The indicators proposed are non-exhaustive and some of them, particularly process and outcome indicators, are time bound.

Furthermore, the applicability and effectiveness of these indicators will depend on the availability of authentic data and information. Thus, users of this Guide may need to advocate for the creation of a functioning data generating mechanisms at national level.

सूचकाङ्कहरूको पहिचानका प्रक्रियामा राष्ट्रिय मानवअधिकार आयोगले खाद्य अधिकारका सम्बन्धमा अग्रणी भूमिका लियो भने सामुदायिक आत्मनिर्भर केन्द्रले आवासको अधिकार सम्बन्धमा । त्यस्तै, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्यको अधिकार, राष्ट्रिय दलित आयोगले शिक्षाको अधिकार, र राष्ट्रिय महिला आयोगले कामको अधिकारमा अग्रणी भूमिका लिएका थिए । यी प्रमुख संस्थाहरूलाई तिनका आ-आफ्ना काममा सहयोग पुऱ्याउन पाँचवटा उपसमूहहरू गठन गरिएका थिए (*परिशिष्ट ४ हेर्नुहोस्*) ।

यी अधिकारहरूको छनोट नेपालमा तिनको कार्यान्वयनको अत्यावश्यकता तथा कार्यसमूहका सदस्यहरूको विशेषज्ञताको क्षेत्र र रुचिलाई ध्यानमा राखेर गरिएको हो ।

यी सूचकाङ्कहरूको पहिचान तथा तिनलाई सन्दर्भसँग सुहाउने बनाउने सम्पूर्ण प्रक्रियामा उच्चायुक्तको कार्यालय-नेपालले कार्यसमूहका सदस्यहरूलाई समन्वय र सहयोग उपलब्ध गराएको थियो ।

## १.४ सीमाहरू

मानवअधिकार सूचकाङ्कहरू नेपालमा सरोकारवालाहरूका लागि तुलनात्मक रूपमा नयाँ विषय हो । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारबारेका सूचकाङ्कहरूको प्रयोगसम्बन्धी यी सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै जानुपर्ने आवश्यकता अझै पनि टड्कारो छ ।

प्रस्तुत गरिएका यी सूचकाङ्कहरू आफैमा पूर्ण भने होइनन् र ती मध्ये केही, खासगरी प्रक्रियागत तथा परिणामगत सूचकाङ्कहरू, निश्चित समय अवधिका लागि हुने गर्दछन् ।

त्यसबाहेक, यी सूचकाङ्कहरूको प्रयोज्यता तथा प्रभावकारिता सही तथ्याङ्क तथा सूचनाको उपलब्धतामा निर्भर रहनेछ । तसर्थ, यस पुस्तिकाका प्रयोगकर्ताहरूले राष्ट्रिय तहमा तथ्याङ्क सङ्कलनको निम्ति आवश्यक र प्रभावकारी संयन्त्रको निर्माणका लागि वकालत गर्नुपर्ने आवश्यकता हुनसक्छ ।

# CHAPTER 2

# HUMAN RIGHTS INDICATORS AS A TOOL TO MONITOR ESCR

## 2.1 A conceptual framework

The use of human rights indicators as a tool to monitor the realization of ESCR is increasingly accepted. With their use it can be assessed whether the realization is progressive, stagnant or retrogressive. Unlike other social and demographic indicators, human rights indicators are based on the provisions of international human rights treaties. Some commonly used indicators are, for instance, enrolment rates for school-age children, indicators on the ratification of treaties and the proportion of seats held by women in the national parliament.[6] These quantitative indicators are intended to facilitate qualitative evaluations by measuring the magnitude of a violation and realization of the rights concerned.

This User's Guide essentially looks at quantitative indicators that by virtue of their definition, presentation and on account of their data-generating methodologies are particularly suitable for supporting the State's compliance with international human rights treaties.[7]

## 2.2 Identifying attributes

As a starting point, the legal narrative of the right concerned has to be translated into a limited number of characteristic attributes based on which the identification of appropriate monitoring indicators is done. By identifying the attributes of a right in the process of selecting indicators or clusters of indicators, one can arrive at a categorization that is clear, concrete and, perhaps, more "tangible."[7] The attributes, to the extent possible, have to be based on an exhaustive reading of the legal standard of the right.

6 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008

7 Ibid

परिच्छेद २

# आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमन गर्ने सामग्री वा औजारको रूपमा मानवअधिकार सूचकाङ्कहरू

## २.१ अवधारणा

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोगको अनुगमन गर्ने सामग्रीको रूपमा मानवअधिकार सूचकाङ्कहरूको प्रयोगको स्वीकार्यता बढ्दै गइरहेको छ । ती सूचकाङ्कको प्रयोग गरेर ती अधिकारहरूको उपभोग प्रगतिशील, यथास्थिति वा पश्चगामी कुन अवस्थामा छ भन्ने कुराको मूल्याङ्कन गर्न सकिन्छ । मानवअधिकार सूचकाङ्कहरू अन्य सामाजिक तथा जनसाङ्ख्यिक सूचकाङ्कहरू जस्तो नभई अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी सन्धिहरूमा भएका प्रावधानहरूमा आधारित हुन्छन् । उदाहरणका लागि, स्कुले उमेरका बालबालिकाहरूको भर्ना दर, मानव अधिकार सन्धिहरूको अनुमोदनसम्बन्धी सूचकाङ्कहरू तथा राष्ट्रिय संसद महिलाले ओगटेको सिटको अनुपात आम रूपमा प्रयोग गरिने केही सूचकाङ्कहरू हुन् ।[६] यी परिणामबोधक सूचकाङ्कहरूको अभिप्राय सम्बन्धित अधिकारहरूको कति उल्लङ्घन तथा उपभोग भएको छ भन्ने कुराको मापन गरेर गुणबोधक मूल्याङ्कनलाई सहज बनाउने रहेको हुन्छ ।

यस प्रयोगकर्ता पुस्तिकाले तात्त्विक रूपमा परिमाणबोधक सूचकाङ्कहरूको अध्ययन गर्दछ र ती आफ्नो परिभाषा, प्रस्तुति तथा तथ्याङ्क सङ्कलन विधिहरूको कारणले गर्दा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको राज्यले गर्ने पालनालाई सघाउन विशेषगरी उपयोगी हुन्छन् ।

## २.२ अन्तर्निहित विशेषताहरूको पहिचान

सूचकाङ्कहरू पहिचान गर्दा आरम्भ बिन्दुको रूपमा, सम्बन्धित अधिकारको कानुनी व्यवस्थालाई केही सीमित सङ्ख्या का विशेषताहरूमा ढाल्नुपर्छ जसका आधारमा उपयुक्त अनुगमन सूचकाङ्कहरूको पहिचान गरिन्छ । सूचकाङ्कहरू वा सूचकाङ्कहरूको समूहलाई छान्ने प्रक्रियामा सम्बन्धित कुनै पनि अधिकारको विशेषताहरूको पहिचान गरे पश्चात स्पष्ट, ठोस र सायद अझ बढी "अनुभव गर्न सकिने" वर्गिकरणमा पुग्न सकिन्छ ।[७] यी विशेषताहरूको पहिचान सम्बन्धित अधिकारको कानुनी मापदण्डको पूर्ण अध्ययनमा आधारित हुनुपर्दछ ।

६ अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरुको पालनाको अनुगमनका लागि सुचनाङ्कसम्बन्धी प्रतिवेदन, एचआरआई/एमसी/२००८

७ ऐ

## 2.3 Configuration of indicators

After identifying attributes, a configuration of structural, process and outcome indicators is selected with a view to bring to the fore an assessment of steps taken by the State to comply with its obligations from intent to efforts, on to outcomes of those efforts.

Structural indicators reflect the ratification/adoption of legal instruments and existence of basic institutional mechanisms deemed necessary to facilitate the realization of the rights concerned. Taking into account concrete steps, they capture the State's intent to accept and realize human rights. Structural indicators have to focus foremost on the nature and content of relevant domestic law and assess whether it incorporates the international standards and the institutional mechanisms that promote and protect the rights. Structural indicators also need to look at the policy framework and strategies of the State as relevant to the right. Some of the structural indicators may be common to all human rights, and there may be others that are more relevant to specific human rights or even to a particular attribute of a right.[8]

Process indicators relate to State policy instruments to the specific and targeted programmes and other implementation efforts. In turn, their results become outcome indicators, which can be more directly related to the realisation of the rights concerned. State policy instruments refer to all such measures, including public programmes and specific interventions that a State is willing to take in order to give effect to its intent to accept human rights standards and, ultimately, to attain identified outcomes.

By defining process indicators in terms of a concrete cause-and-effect relationship, the accountability of the State to its obligations can also be assessed. At the same time, these indicators help in directly monitoring the progressive fulfillment of the right or its effective protection, as may be required to realize the right concerned. Process indicators are more sensitive to changes than outcome indicators. Hence, they better capture the progressive realization of the right or better reflect the efforts the State makes to protect the rights.[9]

Outcome indicators capture individual and collective attainments that reflect the status of realization of the rights in a given context. Since, over time, it consolidates the impacts of various underlying processes (that can be captured by one or more process indicators), an outcome indicator is often a slow-moving indicator, less sensitive to capturing momentary changes than a process indicator. For example, life expectancy or mortality indicators could be a result of immunization, education or public health awareness or the increased availability and accessibility of adequate nutrition for individuals.

8 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008
9 Ibid

## २.३ सूचकाङ्कहरूको प्रकार

अधिकारको आधारभूत विशेषताहरूको पहिचान भएपछि संरचनागत, प्रक्रियागत तथा परिणामगत कस्ता खालका सूचकाङ्कहरूको प्रयोग गर्ने हो भन्ने कुरा राज्यद्वारा आफ्ना दायित्वहरू पूरा गर्ने उद्देश्यले चालिएका कदमहरूको मूल्याङ्कनलाई अगाडि ल्याउने उद्देश्यले छनोट गरिन्छ। त्यस्ता कदममा मनसायदेखि प्रयास र परिणामसम्म पर्दछन् ।

संरचनागत सूचकाङ्कहरूले कानुनी दस्तावेजहरूको अनुमोदन/स्वीकृति तथा सम्बन्धित अधिकारहरूको उपभोगलाई सहज बनाउन आवश्यक ठानिएका आधारभूत राष्ट्रिय संयन्त्रहरू भए नभएको कुरालाई प्रतिविम्बित गर्दछन् । ठोस कदमहरूलाई ध्यानमा राखेर तिनले मानवअधिकार स्वीकार गर्ने तथा पूरा गर्ने राज्यको मनसायलाई समेट्छन । संरचनागत सूचकाङ्कहरूले सम्बद्ध राष्ट्रिय कानुनको प्रकृति तथा विषयवस्तुमा सबभन्दा बढी ध्यान केन्द्रित गर्नुपर्छ र यसले मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने अन्तर्राष्ट्रिय मापदण्ड तथा संस्थागत संयन्त्रहरूलाई समावेश गरेको छ कि छैन भनी मूल्याङ्कन गर्नुपर्छ। संरचनागत सूचकाङ्कहरूले अधिकारसँग सम्बद्ध राज्यका नीति तथा रणनीतिहरूको अध्ययन गर्नु पनि आवश्यक हुन्छ। केही संरचनागत सूचकाङ्कहरू सबै मानवअधिकारका लागि साझा हुन सक्छन् भने केही सूचकाङ्कहरू कुनै खास मानवअधिकारसँग अथवा कुनै अधिकारको एउटा खास विशेषतासँग अझ बढी सान्दर्भिक हुनसक्छन् ।[८]

प्रक्रियागत सूचकाङ्कहरूले राज्यका नीतिगत दस्तावेजहरूलाई विशिष्ट तथा लक्षियत कार्यक्रमहरू र अन्य कार्यान्वयन प्रयासहरूसँग सम्बन्धित गराउँछन्। फेरि तिनका परिणामहरू परिणामगत सूचकाङ्कहरू हुन्छन् जो सम्बद्ध अधिकारहरूको उपभोगसँग अझ बढी प्रत्यक्षरूपमा सम्बन्धित हुनसक्छन् । राज्यका नीतिगत दस्तावेजहरूले सार्वजनिक कार्यक्रमहरू तथा मानवअधिकार मापदण्डहरूलाई स्वीकार गर्न र अन्ततः पहिचान गरिएका परिणामहरू प्राप्त गर्ने आफ्नो मनसायलाई कार्यान्वयन गर्न राज्यले गर्ने विशिष्ट हस्तक्षेपलाई जनाउँछ।

कारण र असरको सम्बन्धको अर्थमा प्रक्रियागत सुचकाङ्कहरूको परिभाषा गर्नाले आफ्ना दायित्वहरूप्रति राज्यको जवाफदेहीताको पनि मूल्याङ्कन गर्न सकिन्छ । साथै, यी सूचकाङ्कहरूले सम्बद्ध अधिकारको उपभोग गर्न आवश्यक भएअनुसार अधिकारको क्रमिक उपभोग वा त्यसको प्रभावकारी संरक्षणको प्रत्यक्षरूपमा अनुगमन गर्नमा पनि मद्दत पुऱ्याउँछन् । प्रक्रियागत सुचकाङ्कहरू परिणामगत सूचकाङ्कहरूभन्दा बढी संवेदनशील हुन्छन् । त्यसैले, तिनले अधिकारको क्रमिक उपभोगलाई अझ राम्ररी समेट्छन् वा अधिकारहरूको संरक्षण गर्न राज्यले चालेका प्रयासहरूलाई अझ राम्ररी प्रतिविम्बित गर्दछन् ।[९]

परिणामगत सूचकाङ्कहरूमा कुनै खास सन्दर्भमा अधिकारहरूको उपभोगको हैसियतलाई प्रतिविम्बित गर्ने व्यक्तिगत वा सामूहिक प्राप्तिहरू पर्दछन्। समयक्रममा यसले विभिन्ने अन्तर्निहित प्रक्रियाका असरहरूलाई सुदृढ गर्ने हुनाले (यसलाई एक वा सोभन्दा बढी प्रक्रियागत सूचकाङ्कहरूद्वारा समेट्न सकिन्छ), परिणामगत सूचकाङ्क प्रायः एउटा सुस्तरी चल्ने र क्षणिक परिवर्तनहरूलाई समेट्न प्रक्रियागत सूचकाङ्कभन्दा कम संवेदनशील हुन्छ। उदाहरणका लागि, सरदर आयु वा मृत्युसम्बन्धी सूचकाङ्कहरू खोप, शिक्षा वा सार्वजनिक स्वास्थ्यमा आएको जागरण वा व्यक्तिका लागि पर्याप्त पोषणको बढ्दो उपलब्धता र पहुँचको परिणामस्वरूप भएको हुनसक्छ।

---

८ अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको पालनाको अनुगमनका लागि सुचनाङ्कसम्बन्धी प्रतिवेदन, एचआरआई/एमसी/२००८

९ ऐ

By using the framework of structural, process and outcome indicators, the objective is to consistently and comprehensively cover indicators that reflect the intent and outcome aspect of the realization of human rights by the State. In the final analysis, it may not matter if an indicator is identified as a process or outcome indicator as long as it captures relevant aspect(s) of an attribute of a right or the rights in general.

Secondly, though there is no one-to-one correspondence between the three categories of indicators and the State's obligation to respect, protect and fulfill human rights, an appropriate combination of structural, process and outcome indicators, particularly process indicators, could help in assessing the implementation of the three obligations.

Thirdly, process and outcome indicators are not mutually exclusive. It is possible that a process indicator for one human right can be an outcome indicator in the context of another right. For instance, the proportion of the population below a minimum level of dietary energy consumption may be an outcome indicator for the right to adequate food and a process indicator for the right to life.[10]

10 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008.

संरचनागत, प्रक्रियागत तथा परिणामगत सूचकाङ्कहरूको प्रयोग गर्नाको उद्देश्य राज्यद्वारा भएको मानवअधिकारको उपभोग मनसाय तथा परिणामपक्षलाई प्रतिविम्बित गर्ने सूचकाङ्कहरूलाई निरन्तर तथा व्यापकरूपमा समेट्नु हो। अन्तिम विश्लेषणमा, कुनै पनि सूचकाङ्कले कुनै अधिकारको वा आमरूपमा अधिकारहरूको विशेषताको सम्बद्ध पक्ष(हरू)लाई समेटुन्जेलसम्म प्रक्रियागत वा परिणामगत कुन सूचकाङ्कको रूपमा पहिचान गरिएको हो भन्ने कुराले अर्थ नराख्न सक्छ।

दोस्रो कुरा, सूचकाङ्कहरूका यी तीन कोटिहरू र मानवअधिकारलाई सम्मान गर्ने, संरक्षण गर्ने तथा पूरा गर्ने राज्यको दायित्वबीच प्रत्येकको सीधासीधा सम्बन्ध नभए तापनि संरचनागत, प्रक्रियागत र परिणामगत सूचकाङ्कहरूको उपयुक्त जोडले, विशेषगरी प्रक्रियागत सूचकाङ्कहरूले, यी तीनवटा दायित्वहरूको कार्यान्वयनको मूल्याङ्कन गर्नमा मद्दत गर्नसक्छ।

तेस्रो कुरा, प्रक्रियागत तथा परिणामगत सूचकाङ्कहरू एकले अर्कोलाई नकार्नेखालका छैनन्। कुनै एउटा मानवअधिकार का लागि प्रक्रियागत सूचकाङ्क अर्को अधिकारको सन्दर्भमा परिणामगत सूचकाङ्क हुन सक्छ। उदाहरणार्थ, खाद्य ऊर्जा खपतको न्यूनतम तहभन्दा मुनिका जनसङ्ख्याको अनुपात पर्याप्त खाद्यको अधिकारका लागि परिणामगत सूचकाङ्क हुन्छ भने बाँच्नपाउने अधिकारका लागि प्रक्रियागत सूचकाङ्क हुनसक्छ।[१०]

१० अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको पालना भएनभएको अनुगमनका लागि सूचनाङ्कसम्बन्धी प्रतिवेदन, एचआरआई/एमसी/२००८

### Why disaggregation of data?

Primary education, which is universal, free and compulsory, is one of the core elements of the right to education. To measure progress, there are many relevant indicators, one of which is the enrolment rate of children at the primary level. After having this indicator selected, the national data, for instance, shows:

the enrolment rate of children at the primary level: **94%**

If one only relies on the figure of 94%, and does not seek further disaggregation of available data, one may not get the full picture of whether the realization of this right is distributed to all members of society on an equal basis. Thus, the first disaggregation could be by sex: boy students (60%), and girl students (40%).

The second disaggregation could be by ethnicity, region and other relevant grounds:

- % of children from dominant ethnic groups
- % of students from Dalit community
- % of children from indigenous groups
- % of rural children
- % of urban children
- % of children with disabilities

This highlights the significance of disaggregation as a means of capturing *de facto* discrimination. When disaggregated, the indicator confirms that 'girl students' compared to 'boy students' are disadvantaged and require particular attention. Similarly, the actual enrolment rate of other groups based on caste, ethnicity, region, disability and any other grounds will help identify the status of enjoyment of the right in question by the members of these groups.

## 2.4 Capturing cross-cutting human rights principles

Monitoring economic, social and cultural rights requires the identification of discrimination by analyzing the gaps between the obligations of the State and the actual situation of specific individuals or groups of individuals, particularly in the context of Nepal. Thus, a starting point to capture cross-cutting human rights principles such as non-discrimination, equality, empowerment, participation, inclusion and accountability through indicators is to seek disaggregated data on prohibited grounds of discrimination, such as sex, age, caste, disability, ethnicity, religion, language and social, economic, regional or political status.

## विखण्डित तथ्याङ्क नै किन?

सर्वसुलभ, निशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा शिक्षाको अधिकारका मुख्य तत्त्वहरूमध्ये एक हो । यस प्रगतिको मापन गर्न धेरै सम्बद्ध सूचकाङ्कहरू छन् जसमध्ये प्राथमिक तहमा बालबालिकाको भर्नादर एक हो । यस सूचकाङ्कलाई छानिसकेपछि, राष्ट्रिय तथ्याङ्कले, मानौ, देहायका कुरा देखाउँछः

प्राथमिक तहमा बालबालिकाको भर्नादरः ९४%

यदि कोही व्यक्तिले ९४ प्रतिशत तथ्याङ्कमा भर परी यसको खण्डीकरणको खोजी गर्दैन भने उसले समाजका सबै सदस्यले समानरूपमा यस अधिकारको उपभोग गर्न पाएका छन् कि छैनन् भन्ने कुराको पूर्ण तस्बिर पाउन सक्दैन । त्यसैले, तथ्याङ्कको पहिलो खण्डीकरण लिङ्गको आधारमा हुनसक्छः छात्र ६० प्रतिशत र छात्रा ४० प्रतिशत

दोस्रो खण्डीकरण जाति, भौगोलिक क्षेत्र तथा अन्य कुराका आधारमा हुनसक्छ। जस्तै :-

- प्रभावशाली जातीय समुदायका बालबालिकाहरूको प्रतिशत
- दलित समुदायका बालबालिकाहरूको प्रतिशत
- जनजाति समुदायका बालबालिकाहरूको प्रतिशत
- ग्रामीण बालबालिकाको प्रतिशत
- सहरी बालबालिकाको प्रतिशत
- अपाङ्गता भएका बालबालिकाहरूको प्रतिशत

यसले वास्तविक विभेदलाई समेट्ने माध्यमको रूपमा विखण्डित तथ्याङ्कको महत्त्वमाथि जोड दिन्छ। तथ्याङ्कको विखण्डन गरेपछि सूचकाङ्कले छात्रहरूको तुलनामा छात्राहरू पछाडि परेको र उनीहरूलाई विशेष ध्यान दिनुपर्ने कुराको पुष्टि गर्दछ। त्यस्तै, जात, जातीयता, क्षेत्र, अपाङ्गतामा तथा अन्य कुरामा आधारित अरू समुदायका बालबालिकाहरूको वास्तविक भर्नादर थाहा पाउनाले यी समुदायका सदस्यहरूले माथि उल्लेख गरिएको अधिकारको उपभोगको वास्तविक अवस्थालाई पहिचान गर्न मद्दत गर्नेछ।

## २.४ मानवअधिकारका साझा सिद्धान्तहरूका लागि सूचकाङ्कहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनका लागि राज्यको दायित्वहरू र खास व्यक्ति वा व्यक्तिहरूको समूहहरूको वास्तविक स्थितिबीच रहेको खाडलको विश्लेषण गरेर विभेदको पहिचान गर्नु आवश्यक हुन्छ र यो नेपालको सन्दर्भमा अझ बढी लागु हुन्छ । त्यसैले, अविभेद, समानता, सशक्तीकरण, सहभागिता, समावेशी र जवाफदेहीता जस्ता साझा मानअधिकार सिद्धान्तहरूलाई सूचकाङ्कहरूमार्फत् समेट्ने विधि भनेको लिङ्ग, उमेर, जाति, अपाङ्गता, जातीयता, धर्म तथा भाषासम्बन्धी विभेदका निषेधित आधारहरू र सामाजिक, आर्थिक, क्षेत्रीय वा राजनीतिक हैसियतबारे खण्डित तथ्याङ्कहरूको खोजी गर्नु हो ।

CHAPTER 3

# NEPAL'S OBLIGATIONS ON ESCR UNDER NATIONAL AND INTERNATIONAL LAWS

Human rights indicators are developed to monitor the implementation of international and national legal obligations of a State. Therefore, as a first step, the legal basis has to be identified.

## 3.1 Obligations under international law

Nepal is party to major international human rights treaties, including the International Covenant on Economic, Social and Cultural Rights (ICESCR), the Convention on the Elimination of All Forms of Discrimination against Women (CEDAW), the Convention on the Rights of the Child (CRC), the International Convention on the Elimination of Racial Discrimination (ICERD) and the Convention on the Rights of Persons with Disabilities (CRPD) which create legal obligations to respect, protect and fulfill ESCR for the entire population under its jurisdiction. In particular, the ICESCR requires Nepal to take steps to the maximum of its available resources, with a view to achieving progressively the full realization of the rights recognized in the Covenant by all appropriate means, including in particular the adoption of legislative measures.[11]

## 3.2 Obligations under national laws

### 3.2.1 Constitutional obligations

The Interim Constitution of Nepal, 2007 is, compared to its predecessors, progressive in incorporating ESCR as fundamental rights. Some of these are the right to equality and non-discrimination,[12] the right to a healthy environment and free basic health care,[13] the right to education and culture,[14] the right to employment and social security,[15] the rights against

11 Art. 2 (1) of ICESCR
12 Art. 13 of Interim Constitution, 2007
13 Art. 16 (1) and (2) of Interim Constitution, 2007
14 Art. 17 of Interim Constitution, 2007
15 Art. 18 of Interim Constitution, 2007

परिच्छेद ३

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूअन्तर्गत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी नेपालका दायित्वहरू

मानवअधिकार सूचकाङ्कहरू राज्यका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी दायित्वहरूको कार्यान्वयनको अनुगमन गर्न तयार गरिएका हुन्छन् । त्यसकारण, पहिलो कदमको रूपमा कानुनी आधारको पहिचान गरिनुपर्छ ।

## ३.१ अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका दायित्वहरू

नेपाल आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (आईसीईएससीआर), महिलाविरुद्ध हुने सबै प्रकारका विभेदहरूको उन्मूलनसम्बन्धी महासन्धि (सिड्अ), बालअधिकार महासन्धि (सीआरसी), जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसर्ड) र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीपीआरडी) लगायत प्रमुख अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्षराष्ट्र हो, जसले नेपालमाथि आफ्नो भू-भागमा रहेका सम्पूर्ण जनसङ्ख्याका लागि आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण तथा पूरा गर्नु पर्ने कानुनी दायित्वहरूको सिर्जना गर्छन् । खासगरी, आईसीईएससीआर अनुसार नेपालले कानुनी व्यवस्थालगायत जुनसुकै उपयुक्त उपायमार्फत् यस अभिसन्धिमा मान्यता दिइएका अधिकारहरूको क्रमशः पूर्ण उपभोग हासिल गर्ने उद्देश्यले आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम परिचालन गर्नुपर्ने हुन्छ ।[११]

## ३.२ राष्ट्रिय कानुनअन्तर्गतका दायित्वहरू

### ३.२.१ संवैधानिक दायित्वहरू

नेपालको अन्तरिम संविधान २०६३ पहिलेका संविधानहरूको तुलनामा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई मौलिक अधिकारको रूपमा समावेश गर्नमा प्रगतिशील छ । समानता तथा अविभेदको अधिकार,[१२] स्वस्थ्य वातावरण तथा निशुल्क आधारभूत स्वास्थ्य सेवाको अधिकार,[१३] शिक्षा तथा संस्कृतिको अधिकार,[१४] रोजगारी र सामाजिक सुरक्षाको अधिकार,[१५]

११ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धीको धारा २(१)

१२ अन्तरिम संविधान २०६३ को धारा १३

१३ अन्तरिम संविधान २०६३ को धारा १६ (१)(२)

१४ अन्तरिम संविधान २०६३ को धारा १७

१५ अन्तरिम संविधान २०६३ को धारा १८

forced labor, slavery, servitude and trafficking,[16] the right to food sovereignty,[17] and the right to proper work practices and the right to form trade unions and to engage in collective bargaining.[18]

The recognition of these rights as fundamental rights in the Constitution is an important milestone towards enhancing the justiciability of ESCR in Nepal as the Constitution gives the Supreme Court the power to issue appropriate orders or writs for the enforcement of fundamental rights.[19]

Additionally, Part IV of the Interim Constitution contains provisions on responsibilities, directive principles and policies of the State that relate to ESCR.

These include provisions on the adoption of policies to eliminate discrimination based on class, caste, language, gender, culture, religion and region while restructuring the State;[20] to increase opportunities for employment and income generation;[21] to eliminate economic and social inequalities;[22] to raise the standards of living of the general public through development of infrastructure for education, health, housing and employment of population of all regions;[23] to adopt special provisions on health, education, employment and social security for women, children, Dalits, elderly, persons with disabilities and tribes on the verge of extinction;[24] and to pursue policy of making special provision on the basis of positive discrimination for the minorities, landless, squatters, bonded laborers, persons with disabilities, backward communities and sections, and the victims of the conflict, including women, Dalits, indigenous peoples, Madheshi and Muslims.[25]

### 3.2.2. Statutory obligations

Although the enactment of comprehensive framework laws concerning the full recognition and implementation of ESCR guaranteed by the Interim Constitution as fundamental rights is still needed, a number of prevailing laws related to food, health, education, housing and employment implicitly or explicitly substantiate the recognition of ESCR in Nepal.

Some key legislations related to food, for example, include the Food Act, 2023 (1966) which aims at maintaining a certain standard for food and grains and prohibits the production, sale and distribution of unhygienic and substandard food, sale of food through misleading information and food adulteration[26] and Breast Feeding Substitute (Sale and Distribution Control) Act, 2049 (1992) incorporates provisions to control the sale of products that intend to substitute breast feeding.

16 Art. 18 and 29 of Interim Constitution, 2007
17 Art. 18 (3) of Interim Constitution, 2007
18 Art. 30 (1) and (2) of Interim Constitution, 2007
19 Art. 107 (2) of Interim Constitution, 2007
20 Art. 33 (d) of Interim Constitution, 2007
21 Art. 33(l) of Interim Constitution, 2007
22 Art. 34 (5) of Interim Constitution, 2007
23 Art. 35 (1) of Interim Constitution, 2007
24 Art. 35 (8) and (9) of Interim Constitution, 2007
25 Art. 35 (14) of Interim Constitution, 2007
26 Section 3 Food Act, 2023

जबर्जस्ती श्रम, दासता तथा मानवबेचबिखन विरुद्धका अधिकारहरू,[१६] खाद्य संप्रभुताको अधिकार,[१७] उचित कार्य अभ्यासहरूको अधिकार र ट्रेड युनियन गठन गर्नपाउने तथा सामूहिक सौदावाजी गर्नपाउने अधिकार[१८] यीमध्ये केही अधिकारहरू हुन् ।

संविधानले सर्वोच्च अदालतलाई मौलिक अधिकारहरूको पालना गराउन उपयुक्त आदेश वा रिटहरू जारी गर्ने अधिकार दिएकाले यी अधिकारहरूलाई संविधानमा मौलिक अधिकारको रूपमा स्वीकार्ने कार्य नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको न्याययोग्यतालाई अभिवृद्धि गर्नेतर्फको एउटा महत्वपूर्ण कोशेढुङ्गा हो ।[१९]

त्यसबाहेक, अन्तरिम संविधानको भाग ४ मा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसँग सम्बन्धित राज्यका दायित्व, निर्देशक सिद्धान्तसम्बन्धी प्रावधानहरू राखिएका छन् ।

ती व्यवस्था अन्तर्गत राज्यको पुनरसंरचना गर्दा वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय विभेदको अन्त्य गर्ने;[२०] रोजगारी एवं आय आर्जनका अवसरहरूको वृद्धि गर्ने;[२१] आर्थिक तथा सामाजिक असमानता हटाउने;[२२] सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने;[२३] महिला, बालबालिका, दलित, वृद्धवृद्धा, अपाङ्ग र लोपोन्मुख जातिको लागि स्वास्थ्य, शिक्षा, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी विशेष व्यवस्था गर्ने;[२४] महिला, दलित, आदिवासी जनजाति, मधेशी र मुस्लिमलगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने कुराहरू पर्दछन् ।[२५]

### ३.२.२ कानुनी दायित्वहरू

अन्तरिम संविधानद्वारा मौलिक अधिकारको रूपमा प्रत्याभूत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको पूर्ण मान्यता तथा कार्यान्वयनसँग सम्बन्धित विस्तृत कानुनहरू पारित गर्नुपर्ने अझै आवश्यकता भए तापनि खाद्य, स्वास्थ्य, शिक्षा, आवास तथा रोजगारीको अधिकारसँग स्पष्ट वा निहित रूपमा सम्बन्धित केही प्रचलित कानुनहरूले नेपालमा ती अधिकारको मान्यतालाई पुष्टि गर्छन् ।

खाद्यसँग सम्बन्धित केही प्रमुख कानुनहरूमा, उदाहरणका लागि, खाद्य ऐन, २०२३ र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्रि वितरण नियन्त्रण) ऐन, २०४९ पर्दछन् । पहिलोले कुनै व्यक्तिले दूषित खाद्यपदार्थ वा न्यूनस्तरको खाद्यपदार्थको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै कामका लागि त्यस्तो खाद्यपदार्थ राख्न निषेध गरी खाद्य तथा खाद्यान्नका लागि निश्चित मापदण्ड कायम राख्ने लक्ष्य राखेको छ[२६] भने दोस्रोमा आमाको दूधलाई प्रतिस्थापन गर्ने उत्पादनहरूको विक्री तथा वितरणलाई नियन्त्रण गर्ने प्रावधानहरू राखिएका छन् ।

---

१६ अन्तरिम संविधान २०६३ को धारा १८ र २९
१७ अन्तरिम संविधान २०६३ को धारा १८ (३)
१८ अन्तरिम संविधान २०६३ को धारा ३० (१)(२)
१९ अन्तरिम संविधान २०६३ को धारा १०७ (२)
२० अन्तरिम संविधान २०६३ को धारा ३३ (घ)
२१ अन्तरिम संविधान २०६३ को धारा ३३ (१)
२२ अन्तरिम संविधान २०६३ को धारा ३४ (५)
२३ अन्तरिम संविधान २०६३ को धारा ३५ (१)
२४ अन्तरिम संविधान २०६३ को धारा ३५ (८) र (९)
२५ अन्तरिम संविधान २०६३ को धारा ३५ (१४)
२६ खाद्य ऐन, २०३० को दफा ३

The Nepal Health Service Act, 2053 (1996) contains provisions governing recruitment[27] and retirement[28] of health workers that prevents irregularities to ensure quality health service. Similarly, the Medical Council Act, 2020 (1963) provides for the determination of qualifications of doctors and their registration with the Government, whereas the Medicine Act, 2035 (1978) aims at controlling sale, production, import and export and storage of medicines that are ineffective and insecure and that lack in quality and furthermore prohibits advertising the wrong or misuse of medicines.[29]

Likewise, the Country Code, 2020 (1963) affirms that parents, especially fathers, should according to their capacity ensure food, clothing, education and health care for their family.[30] The Chapter on Homicide of the same Country Code prescribes conditions for abortion and allows abortion until the twelfth week of pregnancy with the consent of the concerned.[31] Embryos up to 18 weeks old can be aborted with the consent of the woman if she becomes pregnant through rape or incest. Abortion is permitted anytime if it is medically proven that the life of the woman is at risk or there is a serious threat of physical or mental harm if the pregnancy is continued.[32]

The Foreign Employment Act, 2064 (2007) aims at protecting the rights of Nepali migrant workers going abroad containing provisions for safe departure, pre-departure training, insurance, minimum wage, skill training and creation of welfare fund, among others.

The Building Act, 2055 (1998), the Joint Housing Ownership Act, 2054 (1997) and the Municipality Development Act, 2045 (1988) contain provisions that regulate construction of buildings and housing ownership.

The Education Act, 2028 (1971) aims at promoting quality education by improving management of schools.

Above all, the Treaty Act, 2047 (1991) states that in case of any domestic legal provision found inconsistent with the provisions of a treaty that Nepal is party to, the provisions of the treaty prevail over the inconsistent laws and become enforceable as good as national laws.[33]

### 3.2.3. Case law

Besides constitutional and statutory provisions, the judgments of the Supreme Court of Nepal, also known as 'case law', have built the jurisprudence concerning ESCR in Nepal. Examples include the 2008 Supreme Court judgment, on the case Amrita Thapa and Manu Humagai vs Government of Nepal,[34] in which the court issued a directive order to the Government to enact necessary framework laws to implement the rights to free education, health, employment and social security provisioned in the Interim Constitution as fundamental rights.

27 Section 8 Nepal Health Service Act, 2053
28 Section 45 Nepal Health Service Act, 2053
29 Section 12-19, Chapter 5 of Medicine Act, 2035
30 Section 12-19, Chapter 5 of Medicine Act, 2035
31 No. 10 of the Chapter on Partition of the Country Code, 2020
32 No. 28 (b) of Chapter on Homicide of the Country Code, 2020
33 ibid
34 Art. 9 (1) of Treaty Act, 1991

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा स्वास्थ्यकर्मीहरूको भर्ना[२७] तथा अवकाससम्बन्धी[२८] प्रावधानहरू छन् जसले गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न अनियमितता हुन दिदैन। त्यस्तै, मेडिकल काउन्सिल ऐन, २०२० ले डाक्टरहरूको योग्यताको निर्धारण तथा सरकारमा तिनको दर्तासम्बन्धी व्यवस्था गरेको छ भने औषधी ऐन, २०३५ ले प्रभावहीन, असुरक्षित तथा गुणस्तरहीन औषधीहरूको विक्री, उत्पादन, आयात, निर्यात र भण्डारणलाई नियन्त्रण गर्नुका साथै औषधीको गलत वा दुरुपयोगको विज्ञापन गर्ने कार्यलाई निषेध गरेको छ।[२९]

त्यसैगरी मुलुकी ऐन, २०२० अनुसार बाबुआमा, विशेषतः बाबुले आफ्नो परिवारलाई इज्जत आमदअनुसार खान, लाउन, शिक्षा र स्वास्थ्यको व्यवस्था गर्नुपर्छ।[३०] सोही ऐनको ज्यानसम्बन्धी महलले गर्भपतनका लागि सर्तहरू तोक्नुका साथै गर्भवती महिलाको मन्जुरीले बाह्र हप्तासम्मको गर्भपात गर्न पाउने व्यवस्था गरेको छ।[३१] जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ त्यस्तो गर्भ बोक्ने महिलाको मन्जुरीले गर्भपात गराउन सकिनेछ। गर्भपात नगराए गर्भ बोक्ने महिलाको ज्यानमा खतरा पुग्नसक्छ वा निजको स्वास्थ्य शारीरिक वा मानसिक रूपले खराब हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भन्ने प्रचलित कानुनबमोजिम योग्यताप्राप्त चिकित्सकको राय भई त्यस्तो महिलाको मन्जुरीले गर्भपात गराउन पाउने व्यवस्था गरिएको छ।[३२]

त्यस्तै, वैदेशिक रोजगार ऐन, २०६४ ले वैदेशिक कामदारहरूको, अन्य कुरामध्ये, सुरक्षित प्रस्थान, प्रस्थानपूर्व तालिम, बीमा, न्यूनतम ज्याला, सीपमूलक तालिम तथा कल्याण कोषको व्यवस्था गरी तिनका अधिकारहरूको संरक्षण गर्ने लक्ष्य राखेको छ।

भवन ऐन, २०५५, संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ र नगर विकास ऐन, २०४५ मा भवन निर्माण तथा आवासको स्वामित्वलाई नियमन गर्ने प्रावधानहरूको व्यवस्था गरिएको छ।

शिक्षा ऐन, २०२८ ले विद्यालयको व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

सर्वोपरि कुरा के भने नेपाल पक्ष भएको कुनै सन्धिको कुनै कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागु हुन्छ।[३३]

### ३.२.३ न्यायिक नजिरहरू (केस ल)

संवैधानिक तथा कानुनी प्रावधानहरूका अतिरिक्त, "केस ल" भनेर चिनिने नेपालको सर्वोच्च अदालतका फैसलाहरूले नेपालमा आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको विधिशास्त्रको निर्माण गरेका छन्। सन् २००८ को सर्वोच्च अदालतको *अमृता थापा तथा मनु हुमागाईं विरुद्ध नेपाल सरकारको मुद्दाको*[३४] फैसला यसका उदाहरणहरू हुन्, जसमा अदालतले अन्तरिम संविधानमा मौलिक अधिकारको रूपमा व्यवस्था गरिएका निशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी तथा समाजिक सुरक्षाका अधिकारहरूको कार्यान्वयन गर्न आवश्यक पर्ने कानुनी खाकाको निर्माण गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ।

२७ नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८

२८ नेपाल स्वास्थ्य सेवा एने, २०५३ को दफा ४५

२९ औषधि ऐन, २०३५ को परिचछेद ५, दफा १२.१९

३० मुलुकी ऐन, २०२० को अङ्शबण्डासम्बन्धी महलको बुँदा १०

३१ मुलुकी ऐन, २०२० को कर्तव्यज्यान सम्बन्धी महलको बुँदा २८ (ख)

३२ ऐ

३३ सन्धि ऐन, २०४७ को धारा ९(१)

३४ नेपालको सर्वोच्च अदालत/२००८

In another case *Prem Bahadur Khadka and others vs Office of the Prime Minister & Council of Ministers and others,*[35] the Supreme Court issued a mandamus order to the Government and directed it, among other things, to formulate a national strategy relating to employment, to enact a law necessary and the allocation of appropriate national budget. The court, in its ruling, underlined that the enjoyment of other human rights such as the right to food, education, health, and civil and political rights depends on the level of enjoyment of the right to work and employment.

The court further elaborated that fundamental rights create direct and immediate obligations for the State to fulfill them. These rights are not subject to the availability of resources or the will of State institutions to implement them.

**Indicators help strengthen justiciability of ESCR**

The information gathered through the indicators may support court proceedings to implement ESCR. In 2010, for instance, the Supreme Court of Nepal gave only a limited verdict in a case relating to the violation of the right to adequate food due to the petitioner's failure to provide information of how many victims died in the affected districts. The case was filed by Pro-Public, a Kathmandu-based non-government organization working for the cause of public interest, in 2008 demanding a mandamus or any other appropriate order to the government to provide food to the affected population in 16 hill districts of Mid and Far western regions.

## 3.3 Obligation to respect, protect and fulfill

International human rights instruments relevant to ESCR, including the ICESCR, create three types of obligations for a State:

- Obligation to respect: obligation not to interfere with the exercise of the right
- Obligation to protect: obligation to ensure that others do not interfere with the exercise of the right, primarily through effective regulation and remedies, and
- Obligation to fulfill: obligations that promote the rights, facilitate access to the rights and provide for State services when individuals and groups are unable, for reasons beyond their control, to realize the rights themselves by the means at their disposal.

The obligation to respect requires the State to refrain from interfering directly or indirectly with people's enjoyment of the rights concerned; this means the Government must not arbitrarily close private schools and hospitals, or carry out evictions without due process of law.

35 *Some Landmark Decisions of the Supreme Court of Nepal:* the Supreme Court of Nepal, 2010

*प्रेमबहादुर खड्का तथा अन्य विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्यको*[३५] मुद्दामा सर्वोच्च अदालतले सरकारलाई एक उत्प्रेषण आदेश जारी गऱ्यो र, अन्य कुराका अतिरिक्त, रोजगारीसम्बन्धी एक राष्ट्रिय नीतिको तर्जुमा गर्न, आवश्यक कानुनको निर्माण गर्न र उपयुक्त राष्ट्रिय बजेटको बाँडफाँड गर्न सरकारलाई निर्देशन दियो । अदालतले आफ्नो आदेशमा नागरिक तथा राजनीतिक अधिकारलगायत खाद्य, शिक्षा, स्वास्थ्यका अधिकार जस्ता अधिकांश अन्य मानवअधिकारहरूको उपभोग काम तथा रोजगारीको अधिकारको उपभोगमा निर्भर रहने कुरामा जोड दियो ।

संविधानमा व्यवस्थित मौलिक अधिकारहरूले राज्यले तिनलाई पूरा गर्नुपर्ने प्रत्यक्ष तथा तत्काल दायित्व सिर्जना गर्छन् भनी अदालतले थप व्याख्या गऱ्यो । यी अधिकारहरू स्रोतहरूको उपलब्धता अथवा तिनलाई कार्यान्वयन गर्ने राज्यको इच्छाको अधीनमा हुँदैनन् भन्ने कुरालाई अदालतले आफ्नो फैसलामा जोड दियो ।

**सूचकाङ्कहरूको प्रयोगले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको न्यायोग्यता बलियो बनाउन सघाउँछ**

सूचकाङ्कहरूमार्फत् सङ्कलित जानकारीले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको कार्यान्वयन गर्न अदालती कारबाहीलाई सहयोग गर्न सक्छ । उदाहरणका लागि, सन् २०१० मा नेपालको सर्वोच्च अदालतले निवेदकले प्रभावित जिल्लाहरूमा कतिजना पीडित व्यक्तिको मृत्यु भयो भन्नेबारे यकिन आकडा उपलब्ध गराउन नसकेकोले गर्दा पर्याप्त खाद्यको अधिकार उल्लङ्घनसँग सम्बन्धित मुद्दामा अदालतले सीमित फैसलामात्र दियो । सो मुद्दा प्रोपब्लिकले सन् २००८ मा दायर गरेको थियो जसमा निवेदकले मध्य र सुदूरपश्चिमका १६ पहाडी जिल्लाहरूमा भोकमारीबाट पीडित जनसङ्ख्यालाई खाद्यान्न उपलब्ध गराउन सरकारको नाममा परमादेश वा अन्य आवश्यक आदेश जारी गर्न माग गरिएको थियो ।

## ३.३ सम्मान, संरक्षण र पूरा गर्ने दायित्वहरू

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिलगायत ती अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूले राज्यका लागि तीन प्रकारका दायित्वहरूको सिर्जना गर्छनः

- <u>सम्मान गर्ने दायित्वः</u> अधिकारको उपभोगमा हस्तक्षेप नगर्ने दायित्व,
- <u>संरक्षण गर्ने दायित्वः</u> मूलतः प्रभावकारी नियमन तथा उपचारमार्फत् अरूले कसैको अधिकारको उपभोगमा हस्तक्षेप गर्न नपाउने कुरा सुनिश्चित गर्ने दायित्व, र
- <u>पूरा गर्ने दायित्वः</u> अधिकारहरूको प्रवर्द्धन गर्ने, अधिकारहरूको पहुँचलाई सहज बनाउने र व्यक्ति तथा समूहहरूले आफ्नो नियन्त्रणभन्दा बाहिरका कारणहरूले गर्दा आफूसँग भएका माध्यमद्वारा अधिकारहरूको उपभोग गर्न नसकेमा राज्य आफैले आवश्यक सेवाहरू प्रदान गर्ने दायित्व ।

सम्मान गर्ने दायित्वअनुसार जनताले गर्ने सम्बन्धित अधिकारहरूको उपभोगमा राज्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हस्तक्षेप नगर्नु हो । यसको अर्थ हो सरकारले स्वेच्छाचारी रूपमा निजी विद्यालय र अस्पतालहरू बन्द गर्नु वा उचित कानुनी प्रक्रियाबिना कसैलाई जबर्जस्ती वासस्थानबाट निकाल्नु हुँदैन ।

३५ नेपालको सर्वेच्च अदालतका महत्त्वपूर्ण फैसलाहरु नेपालको सर्वेच्च अदालत

The obligation to protect requires the State to prevent, investigate, punish and ensure redress for the harm caused by abuses of human rights by third parties- private individuals, commercial enterprises or other non-State actors.[36] For instance, the Government must regulate and monitor the treatment of workers by their employers and the adequacy and appropriateness of services that the State delegates to third parties or privatizes. Both obligations to respect and protect are of immediate effect.

The obligation to fulfill human rights, ESCR in particular, entails the adoption of legislative, administrative, budgetary, judicial and other necessary steps. This obligation should be realized progressively and includes duties to facilitate and provide. The duty to facilitate demands increasing access to resources and means of attaining the rights, whereas the duty to provide demands ensuring that the population realize their human rights where they are unable to do so themselves. Above all, the State must give priority to meeting the minimum essential level of each right, especially for marginalized and vulnerable groups and communities.

## 3.4 Progressive and immediate obligations and minimum core contents

The obligation of Nepal under international human rights treaties, notably ICESCR, is to achieve, progressively, the full realization of these rights based on the maximum use of available resources. Under this obligation, Nepal has to take deliberate, concrete and targeted steps, as "expeditiously and effectively as possible," towards fulfilling these rights. Such measures might include the adoption of legislation or administrative, economic, financial, educational or social reforms, formulating action plans, or establishing appropriate oversight bodies or judicial procedures.[37]

In addition, States have various immediate obligations in relation to ESCR which should not be seen as dependent on available resources. The duty to "take steps" is an immediate obligation. The concept of progressive realization of the rights does not justify government inaction on the ground that a State has not reached a certain level of economic development.[38] Similarly, the onus of justifying any actions to limit a right or take retrogressive steps, for example by cutting investment in education or health services, rests with the Government.

The duty to ensure minimum essential standards of the rights is another immediate obligation of the State. Under the right to education, for instance, core obligations include the right to free and compulsory primary education, and ensuring that children are not taught in a discriminatory way. Under the right to health, the State must ensure

36 Amnesty International, *Human Rights for human dignity: A primer on economic, social and cultural rights, 2005.*
37 General Comment No. 3 of CESCR
38 ibid

संरक्षण गर्ने दायित्वअनुसार राज्यले निजी व्यक्ति, व्यापारिक प्रतिष्ठान वा अन्य गैरराज्य पक्षहरू जस्ता तेस्रो पक्षहरूद्वारा हुने मानवअधिकारको दुवर्यवहार हुन नदिने, त्यसको अनुसन्धान गर्ने, सजाय दिने तथा त्यसबाट भएको हानिका लागि न्यायिक क्षतिपूर्ति सुनिश्चित गर्नुपर्ने हुन्छ।[३६] उदाहरणका लागि, सरकारले रोजगारदाताहरूको कामदारप्रतिको व्यवहार तथा राज्यले तेस्रो पक्ष वा निजी संस्थाहरूलाई प्रत्यायोजन गरेका सेवाहरूको पर्याप्तता तथा उपयुक्तताको नियमन र अनुगमन गर्नुपर्छ। सम्मान तथा संरक्षण गर्ने दुवै दायित्वहरू तत्कालै लागु हुने प्रकृतिका हुन्छन्।

मानवअधिकार पूरा गर्ने दायित्व, विशेषतः आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरू, मा कानुनी, प्रशासकीय, बजेटसम्बन्धी, न्यायिक तथा अन्य आवश्यक कदमहरू चाल्ने कुराहरू पर्दछन्। यो दायित्व क्रमशः पूरा गर्नुपर्छ र यसमा सहज गराउने र उपलब्ध गराउने दायित्वहरू पर्दछन्। सहज गराउने दायित्वले अधिकारहरू प्राप्त गर्न मद्दत गर्ने स्रोत तथा साधनहरूमा बढ्दो पहुँचको माग गर्दछ भने उपलब्ध गराउने कर्तव्यले मानिसले आफै उपभोग गर्न नसकेका अधिकारहरूको उपभोग गर्न सकून् भन्ने कुरा सुनिश्चित गर्ने माग गर्दछ। सबैभन्दा महत्वपूर्ण कुरा के भने विशेषगरी सीमान्तकृत तथा जोखिमपूर्ण अवस्थामा रहेका समूह तथा समुदायहरूका लागि प्रत्येक अधिकारको न्यूनतम अत्यावश्यक पक्षलाई पूरा गर्ने कुरालाई राज्यले प्राथमिकता दिनैपर्छ।

## ३.४ क्रमिक तथा तत्कालीन र न्यूनतम दायित्वहरू

अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरू, मुख्यतः आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, अनुसार नेपालको दायित्व उपलब्ध स्रोतहरूको अधिकतम उपयोगका आधारमा यी अधिकारहरूको क्रमिक रूपमा पूर्ण उपभोग सुनिश्चित गर्नु हो। यस दायित्वअन्तर्गत, नेपालले यी अधिकारहरूलाई पूरा गर्नेतर्फ जतिसक्दो शीघ्र र प्रभावकारी रूपमा सोद्देश्य, ठोस तथा लक्षित कदमहरू चाल्नुपर्छ। यस्ता उपायहरूमा कानुनी तथा प्रशासकीय, आर्थिक, वित्तीय, शैक्षिक वा सामाजिक सुधारका कुराहरू, कार्ययोजनाको तर्जुमा गर्ने वा उपयुक्त निरीक्षण निकायहरू वा न्यायिक कार्यविधिहरूको स्थापना गर्ने कुराहरू पर्न सक्छन्।[३७]

त्यसबाहेक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका सम्बन्धमा राज्यले तत्काल गर्नुपर्ने विभिन्न दायित्वहरू हुन्छन् जुन स्रोतहरूको उपलब्धतामा भरपर्ने हुँदैनन्। तत्काल गर्नुपर्ने दायित्व हो "ठोस कदमहरू चाल्ने"। अधिकारहरूको क्रमिकरूपमा उपभोग गर्दै जाने भन्ने अवधारणाले राज्य विकासको निश्चित तहमा नपुगेकोले सरकारले काम गर्न सकेको छैन भन्ने कुरालाई उचित ठहर्याउन सक्दैन।[३८] त्यस्तै, शिक्षा वा स्वास्थ्य सेवामा लगानी कटौती गर्ने जस्ता अधिकारलाई सीमित गर्ने वा पश्चगामी कदमहरू चाल्ने कुनै पनि कार्यहरूको औचित्य पुष्टि गर्ने कुराको भार सरकारमै रहेको हुन्छ।

अधिकारका न्यूनतम अत्यावश्यक मापदण्डहरू सुनिश्चित गर्ने कर्तव्य राज्यले तत्काल गर्नुपर्ने अर्को दायित्व हो। उदाहरणका लागि, शिक्षाको अधिकारअन्तर्गतका मुख्य दायित्वहरूमा निशुल्क र अनिवार्य प्राथमिक शिक्षाको अधिकार तथा बालबालिकालाई विभेदकारी रूपमा पढाइने छैन भनी सुनिश्चित गर्ने कुराहरू पर्दछन्। स्वास्थ्यको

---

३६ एम्नेस्टी इन्टरनेशनल, मानव मार्यादाका लागि मानवअधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी परिचयात्मक पुस्तीका २००५

३७ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी समितिको सामान्य टिप्पणी नं. ३

३८ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी समितिको सामान्य टिप्पणी नं. ३

access to essential medicines, emergency care and pre-natal and post-natal care. And if there is a failure to fulfill minimum or core obligations, the Government must demonstrate that it has done all within its capacity to realise the rights as fully as possible.[39]

The duty not to discriminate creates another immediate obligation for the State. The adoption or non-adoption of laws, policies or practices that have a direct or indirect discriminatory impact on the ability of the population to realize their rights amounts to a human rights violation.

The duty to prioritize the most vulnerable is also an immediate obligation. The State should actively reach out to the marginalised and excluded populations or groups of population facing the barriers in realizing their rights, and they should be given "first call" while allocating resources.

39 General Comment No. 3 of CESCR

अधिकारअन्तर्गत राज्यले अत्यावश्यक औषधी, आपतकालीन सेवा र सुत्केरी हुनुअघि र पछिका सेवाहरूमा पहुँचलाई राज्यले सुनिश्चित गर्नैपर्छ। यदि सरकार न्यूनतम वा मुख्य दायित्वहरू पूरा गर्न असफल भएमा उसले आफ्नो क्षमताले भ्याएसम्म सबै कुरा गरेको छ भनी त्यसको औचित्य पुष्टि गर्न सक्नुपर्छ।[३९]

विभेद गर्न नहुने सिद्धान्ले राज्यको अर्को तात्कालीन दायित्व सिर्जना गर्दछ। मानिसले आफ्ना अधिकारहरूको उपभोग गर्ने क्षमतामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विभेदकारीपूर्ण असर पुऱ्याउने कानुन, नीति तथा अभ्यासहरू अपनाउने वा नअपनाउने कुरा मानवअधिकारको उल्लङ्घनसरह हुन्छ।

सर्वाधिक जोखिममा रहेकाहरूलाई प्राथमिकता दिने कुरा अर्को तात्कालीन दायित्व हो। आफ्ना अधिकारहरूको उपभोग गर्नमा तगाराहरूको सामना गरिरहेका सीमान्तीकृत तथा बहिष्कृत समुदायहरू वा त्यस्ता मानिसहरूका समूहहरूसम्म पुग्न सक्रिय रूपमा लाग्नुपर्छ र स्रोतहरूको बाँडफाँड गर्दा उनीहरूलाई “पहिलो प्राथमिकता” दिनुपर्छ।

३९ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी समितिको सामान्य टिप्पणी नं. ३

# CHAPTER 4

# INDICATORS FOR SELECTED ESCR IN NEPAL

This Chapter includes the indicators for monitoring the rights to adequate food, housing, health, education and work in the context of Nepal. The selection of these rights is primarily due to the prominence and the critical status of implementation of these rights in Nepal.

## 4.1 The right to adequate food

The right to adequate food is vital for the realisation of many other human rights, including the right to life. As an element of the right to an adequate standard of living,[40] the right to adequate food includes not only the right to a minimum intake of nutrients, calories and proteins, but also physical and economic access to food or the means for its procurement.

Nepal, being a state party to the ICESCR, is primarily obligated to take all necessary steps[41] to progressively fulfill the right to adequate food for everyone under its jurisdiction. However, the effective enjoyment of the right to adequate food has remained a critical problem in Nepal. Marginalised groups like rural women, street children, Dalits, persons with disabilities, elderly and indigenous peoples have particularly suffered from the deprival of adequate food.

40 Art. 11 (1) of ICESCR

41 Such steps may include adoption of policy, legislative and administrative measures, allocation of budget and formulation of action plans.

परिच्छेद ४

# छनोट गरिएका आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको अनुगमनका लागि सूचकाङ्कहरू

यस भागमा नेपालको सन्दर्भमा पर्याप्त खाद्य, आवास, स्वास्थ्य, शिक्षा र कामको अधिकारको अनुगमनको लागि पहिचान गरिएका सूचकाङ्कहरू समेटिएका छन् । माथि उल्लेख भएअनुसार, यी अधिकारहरूको छनोट नेपालमा तिनीहरूको कार्यान्वयनको अपरिहार्यता र कमजोर अवस्थालाई ध्यानमा राखेर गरिएको हो ।

## ४.१. पर्याप्त खाद्य अधिकार

पर्याप्त खाद्य अधिकार मान्छेको बाँच्न पाउने अधिकार लगायत अन्य मानवअधिकारहरूको उपभोगको लागि एक अत्यावश्यक अधिकार हो । पर्याप्त स्तरीय जीवनको अधिकारको[४०] एक अभिन्नअङ्गको रूपमा रहेको खाद्य अधिकारले खानामा पोषण, शक्ति वा प्रोटिनको न्यूनतम उपभोगको मात्रालाई मात्र जनाउदैन, बरू यसले खाद्यान्नमा व्यक्तिको भौतिक र आर्थिक पहुँच लगायत खाद्यान्नको उत्पादन र उपभोगको लागि आवश्यक पर्ने साधनहरूमा हुनु पर्ने पहुँचलाई पनि समेटछ ।

नेपाल मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धि, खासगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको एक पक्ष राष्ट्र भएको नाताले आफ्नो भूभागभित्र बस्ने सबैको खाद्य अधिकारको क्रमिकरूपमा पूर्ण प्राप्तिको सुनिश्चितताको लागि आवश्यक कदम[४१] चाल्नु यसको कानुनी दायित्व हो । तर नेपालमा खाद्य अधिकारको प्रभावकारी कार्यान्वयन एक समस्याको रूपमा रहिआएको छ । खासगरी, नेपालमा सीमान्तीकृत र पिछडिएका समुदायहरू जस्तै ग्रामीण महिला, सडक बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा वृद्धवृद्धा खाद्य अधिकार उपभोग गर्नबाट बढी वञ्चित छन् ।

४० आईसीईएससीआर धारा ११ (१)

४१ यस्ता कदमहरूमा नीतिगत, विद्यायिकी, साधनस्रोतको बाँडफाड तथा कार्ययोजनाहरूको निर्माण सबै पर्दछन् ।

For the purpose of identifying indicators, the following four attributes are relevant: (i) *nutrition;* (ii) *food safety* and *consumer protection;* (iii) *food availability* and; (iv) *food accessibility.* These attributes of the right to adequate food are based on the exhaustive reading of the normative content of the right and its elaboration in the General Comment No. 12 of the Committee on Economic, Social and Cultural Rights (CESCR).[42]

In a nutshell, the User's Guide attempts to translate the right to adequate food into a few characteristic attributes and a set of structural, process and outcome indicators.

## Structural indicators:

- Number and date of entry into force in Nepal of international human rights treaties, relevant to the right to adequate food.
- Date of entry into force and coverage of the right to adequate food in the Constitution and other national laws.
- Time frame and coverage of national policies and plans[43] aimed at implementing the right to adequate food.
- Number of registered and/or active governmental, semi-governmental and non-governmental organisations, including cooperatives working for the protection and promotion of the right to adequate food.

## Process indicators

- Proportion of received complaints on the right to adequate food investigated and adjudicated by the courts, NHRC or other competent mechanisms[44] and the proportion of these responded to effectively by the government.
- Number of monitoring missions undertaken to the affected regions by the NHRC and other competent bodies in the reporting period and subsequent actions taken.
- Proportion of food industries (involved in production and distribution of food) inspected by the Department of Commerce and Department Food Technology and Quality Control and actions taken against those not maintaining minimum standards both in terms of quantity and quality.
- Proportion of food inspectors (per 10000 population).
- Proportion of the targeted population brought above the poverty line in the reporting period.*
- Number and coverage of awareness raising programmes on the right to adequate food, including consumer rights and healthy food habits in the reporting period.
- Proportion of targeted population having access to clean drinking water in the reporting period.*

42 Report on indicators for monitoring compliance with international human rights instruments, HRI/MC/2008.
43 Such national policies and plans may relate to nutrition, food safety and consumer protection, food availability and food accessibility, disaster management, land reform and agricultural production
44 Such as Department of Commerce and the Forum for the Protection of Interest of Consumers

खाद्य अधिकारको अनुगमनको निम्ति यससम्बन्धी सूचकाङ्कहरूको पहिचान गर्दा यस अधिकारका चारवटा आधारभूत विशेषताहरूलाई यहाँ ध्यान दिइएको छ। ती विशेषताहरूमा *१) पोषण, २) खाद्य सुरक्षा तथा उपभोक्ता संरक्षण, ३) खाद्यान्नको उपलब्धता र ४) खाद्यान्नमा पहुँच पर्दछन्।* यी आधारभूत विशेषताहरूको पहिचान पर्याप्त खाद्य अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको विस्तृत अध्ययन एवं आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिको सामान्य टिप्पणी नं. १२ मा निहित व्याख्याको आधारमा गरिएको छ।[४२]

सारांशमा, यस ढाँचाले पर्याप्त खाद्य अधिकारको अनुगमनका लागि माथि उल्लेख गरिएझैं यसका खास विशेषताहरूका आधारमा संरचनागत, प्रक्रियागत र परिणामगत सूचकाङ्कहरूको पहिचान गरेको छ।

## संरचनागत सूचकाङ्कहरू

- नेपाल पक्षराष्ट्र भएका पर्याप्त खाद्य अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरू र ती लागु भएका मिति।
- पर्याप्त खाद्य अधिकारसम्बन्धी संविधान लगायत राष्ट्रिय कानुनमा गरिएको व्यवस्था।
- पर्याप्त खाद्य अधिकारसम्बन्धी राष्ट्रिय नीति तथा कार्यक्रमहरू।[४३]
- पर्याप्त खाद्य अधिकारको सुनिश्चितताको लागि कार्यरत पञ्जीकृत सरकारी, अर्ध सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूको सङ्ख्या।

## प्रक्रियागत सूचकाङ्कहरू:

- अदालत, राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य सक्षम निकायद्वारा[४४] पर्याप्त खाद्य अधिकारको उल्लङ्घनसम्बन्धी उजुरीहरूमा गरेको अनुसन्धानको सङ्ख्या तथा अनुपात र तिनको सरकारद्वारा भएको प्रभावकारी कार्यान्वयनको अनुपात।
- खाद्य अधिकार उल्लंघन भएको, हुनसक्ने वा हुदैछ भन्ने अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य निकायहरू प्रभावित क्षेत्रमा गरेको भ्रमण सङ्ख्या तथा त्यस्ता भ्रमणहरूको परिणामस्वरूप गरिएका कारबाही सङ्ख्या।
- वाणिज्य विभाग र खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागद्वारा निरीक्षण गरिएका खाद्यान्न उत्पादन तथा वितरण गर्ने संस्थाहरूको सङ्ख्या तथा गुणस्तर कायम नगरेका संस्थाहरूविरुद्ध गरिएका कारबाहीको सङ्ख्या तथा अनुपात।
- प्रति १०००० जनसङ्ख्यामा खाद्य निरीक्षकहरूको अनुपात।
- प्रतिवेदन अवधिमा गरिबीको रेखाभन्दामाथि उठाइएका लक्षित जनसङ्ख्याको अनुपात।
- उपभोक्ता अधिकार तथा स्वास्थ्य खाने बानीको विकासलगायत खाद्य अधिकारको विषयमा गरिएका जनचेतना अभिवृद्धि कार्यक्रमको सङ्ख्या र तिनले समेटेको क्षेत्रगत दायरा।
- प्रतिवेदन अवधिभित्र लक्ष्यित जनसङ्ख्याको सफा खाने पानीमा पहुँचको अनुपात।

---

४२ अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूको अनुगमनका लागि सूचकाङ्कसम्बन्धी प्रतिवेदन, एचआरआई/एमसी/२००८

४३ पोषण, खाद्य सुरक्षा, उपभोक्ता हित संरक्षण, साद्यान्नको उपलब्धता एवं खाद्यान्नमा पहुँच, प्रकोप व्यवस्थापन, भूमि सुधार तथा कृषि उत्पादनमा बृद्धिसँग सम्बन्धित नीति तथा योजनाहरू

४४ वाणिज्य विभाग, उपभोक्ता हित संरक्षण मंच आदि

- Percentage or proportion of households of targeted population benefiting from public support programmes[45] and other targeted schemes.[46]
- Proportion of population receiving food subsidy.
- Proportion of targeted population covered with public nutrition supplement programmes.
- Share of public social sector budget spent on food safety, security and consumer protection.
- Share of public budget spent on strengthening domestic agricultural production (e.g. agriculture extension, irrigation, credit, marketing etc.).
- Proportion of female-headed households with legal titles on land and property.
- Arable irrigated land per person/household.
- Ratio of increase of agricultural production to population growth.
- Proportion of farmers availing agricultural support services.[47]
- Proportion of per capita availability of major food items sourced through domestic production, import and food aid.
- Ratio of food export and import in the reporting period.
- Proportion of population living below 1 USD per day.[48]*
- Estimated percentage of women and girls having access to adequate food within the household.
- Proportion of population covered by the annual food distribution programme of the Nepal Food Corporation in food deficit districts.
- Average household expenditure on food.[49]

## Outcome indicators

- Proportion of undernourished of the total population.
- Prevalence of underweight and stunting children under five years of age.*
- Number of recorded deaths and incidents of food poisoning related to adulterated food.
- Proportion of population below minimum level of dietary energy consumption.*
- Death rates, including infant and under-5 mortality rates, caused by malnutrition.

***All indicators should be disaggregated by prohibited grounds of discrimination.***

* MDG Indicator

45 Such as 'food for work' programmes
46 Fair price shops and cooperatives
47 Such as information, training and counseling to diversify and increase agricultural production and proper use of seeds and fertilizers etc.
48 Participants of the consultation in Kathmandu proposed daily wages of Nepal to be considered as a basis.
49 Expenditure above 77 per cent on food, out of total earning, is considered an indicaton of dood insecurity. (Soruce: Nepal South Asia Centre, 1998/127)

- लक्षित कार्यक्रमसहित सार्वजनिक सहयोगका कार्यक्रमहरूबाट[४५] लाभान्वित लक्षित घरपरिवारको प्रतिशत वा अनुपात।[४६]
- खाद्यान्नमा सहुलियत पाइरहेका जनसङ्ख्याको प्रतिशत वा अनुपात।
- सार्वजनिक पोषण कार्यक्रम अन्तर्गत समेटिएका लक्षित जनसङ्ख्याको अनुपात।
- खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षणमा खर्च गरिएको सार्वजनिक बजेटको हिस्सा।
- कृषि उत्पादन (उदाहरणको लागि विस्तारित कृषि सेवा, सिचाईं, ऋण, बजार) वृद्धिको लागि खर्च गरिएको सर्वजनिक बजेटको हिस्सा।
- भूमि, भूमिको उत्पादकत्व तथा सम्पत्ति माथि कानुनी स्वामित्व भएका महिलाहरूको अनुपात।
- प्रति व्यक्ति वा घरधुरी खेती योग्य जग्गाको परिमाण ।
- जनसङ्ख्याको अनुप ातमा कृषि उत्पादनको वृद्धि दर।
- विस्तारित कृषि सेवा[४७] लिइरहेका कृषकहरूको अनुपात।
- आन्तरिक उत्पादन, आयात तथा खाद्यान्न सहयोगबाट प्राप्त प्रमुख खाद्य सामग्रीहरूको प्रतिव्यक्ति आय उपलब्धताको अनुपात।
- प्रतिवेदन अवधिभित्र खाद्यान्नको आयात र निर्यातको अनुपात।
- दैनिक एक अमेरिकी डलर[४८] भन्दा कममा जीवन गुजारा गर्ने जनसङ्ख्याको अनुपात।*
- घरपरिवारमा पर्याप्त भोजन पाइरहेका महिला र बालिकाहरूको अनुमानित प्रतिशत।
- प्रतिवेदन अवधिभित्र खाद्यान्न अपुग भएका जिल्लाहरूमा नेपाल खाद्य संस्थानद्वारा वार्षिकरूपमा हुने खाद्यान्न वितरणबाट लाभान्वित जनसङ्ख्याको अनुपात।
- प्रतिघरधुरीले खाद्यान्नमा गर्ने औसत खर्च।[४९]

## परिणामगत सूचकाङ्कहरूः

- कुल जनसङ्ख्यामा अल्पपोषितको अनुपात।
- कम तौल भएका वा वृद्धि विकास रोकिएका पाँच वर्ष मुनिका बालबालिकाहरूको सङ्ख्या वा प्रतिशत।
- अखाद्य पदार्थको मिसावटले खाना विषाक्त भएका घटनाहरूको सङ्ख्या तथा त्यसबाट भएका मृत्यु सङ्ख्या।
- भोजनमा आवश्यक शक्ति वा उर्जाको न्यूनतम स्तर नपाएका जनसङ्ख्याको अनुपात।
- शिशु तथा पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाको कुपोषणको कारणले भएको मृत्युदर।

*प्रत्येक सूचकाङ्कलाई निषेधित विभेदका आधारहरू (जस्तै जाति, लिङ्ग, धर्म, वर्ण, उमेर, अपाङ्गता, भौगलिक क्षेत्र, आर्थिक तथा सामाजिक अवस्था)मा विखण्डित गर्नुपदर्छ ।*

* सहस्राब्दी विकास लक्ष्य सूचकाङ्कहरू

४५ जस्तै कामको लागि खाद्यान्न कार्यक्रम

४६ सुपथ मूल्य पसल र सहकारी संस्थाहरु

४७ कृषि तालिम, परामर्श, विउवीजन आदि

४८ नेपालको दैनिक ज्याला दरलाई आधार मान्नु पर्ने सुझाव काठमाडौंमा भएको परामर्श बैठकको सहभागीहरूबाट आएको

४९ आम्दानीको ७७ प्रतिशत भन्दा बढी खर्च खानामा भएमा आद्य सुरक्षाको स्थिति नराम्रो मानिने (स्रोत नेपाल साउथ एशिया सेन्टर १९९८:१२७)

### Indicators for Millennium Development Goals and indicators for Human Rights

The Millennium Development Goals (MDGs) are considered important milestones for the realization of often neglected ESCR. However, the MDGs are only political commitments which do not necessarily create legal obligations on national Governments; meaning that an individual deprived of these Goals cannot challenge the government in any court. Furthermore, the MDGs and the related indicators only tend to monitor "how many" (e.g. national average) people are affected, whereas human rights indicators also monitor "who" is affected; meaning that human rights indicators through disaggregated data and information also try to capture the discrimination pattern. Nevertheless MDGs are important entry points for the advancement of certain human rights, ESCR in particular. And a broader definition of human rights indicators has that any indicators, whether MDGs or socio-economic statistics, which can be related to the human rights standards and are used to assess the implementation status of human rights, can be considered as human rights indicators.

*-Based on "Frequently Asked Questions on a Human Rights Based Approach to Development" published by OHCHR (2006)*

**All indicators should be disaggregated by prohibited grounds of discrimination**

## 4.2 The right to adequate housing

According to the the Committee on Economic, Social and Cultureral Rights (CESCR), the human right to adequate housing, which derives from the right to an adequate standard of living, is of central importance for the enjoyment of all ESCR. The right to adequate housing should not be interpreted in a narrow or restrictive sense equating it with only having a roof over one's head or considering shelter exclusively as a commodity. It should rather be seen as the right to live somewhere in security, peace and dignity.[50]

Adequacy in terms of legal security of tenure, availability of public goods and services, materials, facilities and infrastructure, affordability, habitability, accessibility, location and cultural adequacy constitute elements of the right to adequate housing.

50 General Comment No. 4 of CESCR

### सहस्राब्दी विकास लक्ष्य सूचकाङ्क र मानवअधिकार सूचकाङ्कबीचको समानता र भिन्नता

सहस्राब्दी विकास लक्ष्यहरूलाई प्रायःउपेक्षित आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्राप्तिको मार्गमा एक महत्वपूर्ण कोषेढुङ्गाको रूपमा लिने गरिन्छ। तर सहस्राब्दी विकास लक्ष्यहरू संयुक्त राष्ट्रसङ्घमा आवद्ध सदस्य राष्ट्का राजनीतिक प्रतिवद्धता मात्र हुन्। तिनले आफैमा कुनै पनि प्रकारको कानुनी दायित्वको सृजना गर्दैनन्। अर्थात, यदि कुनै पनि व्यक्तिले यी लक्ष्यहरूले भनेअनुसार कुनै कुरा उपभोग गर्न नपाएको खण्डमा उसले सम्बन्धित सरकारविरुद्ध हक दावी गरेर कुनै पनि अदालतमा मुद्दा दायर गर्न सक्तैन। सहस्राब्दी विकास लक्ष्य सूचकाङ्कहरूले "कति जनसङ्ख्या" (जस्तै राष्ट्रिय औसत वा अनुपात) भन्ने कुरामा जोड दिन्छ भने मानवअधिकार सूचकाङ्कहरूले यससँगसँगै "को" बढी प्रभावित भएको छ भन्ने कुरालाई पनि अनुगमन गर्छ। अर्थात, मानवअधिकार सूचकाङ्कहरूले विखण्डित तथ्याङ्क तथा सूचनाको सहायताले समाजमा अधिकारको उपभोगको सवालमा भेदभावको अवस्थालाई उजागर गर्नेगर्छ।

यति हुँदाहुदैँ पनि सहस्राब्दी विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको प्राप्तिको दिशामा महत्वपूर्ण प्रस्थान बिन्दुहरू हुन्। मानवअधिकार सूचकाङ्कको विस्तृत परिभाषाअनुसार कुनै पनि सूचकाङ्क चाहे त्यो सहस्राब्दी विकास लक्ष्यसम्बन्धी होस वा आर्थिक तथा सामाजिक सुचकाङ्क यदि मानव अधिकारका मापदण्डसँग तिनलाई सम्बन्धित गरिन्छ वा मानवअधिकारको कार्यान्वयन अवस्थाको मापन गर्न प्रयोग गरिन्छ भने ती सबै मानवअधिकार सूचकाङ्क हुन्।

## ४.२ पर्याप्त आवासको अधिकार

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिअनुसार पर्याप्त स्तरीय जीवनको अधिकारको एउटा भागको रूपमा रहेको पर्याप्त आवासको अधिकार अन्य सबैखाले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोगको लागि एक महत्वपूर्ण अधिकार हो। पर्याप्त आवासको अधिकारलाई कसैको लागि ओत लाग्ने एउटा छत भएको आश्रयस्थलको रूपमा अथवा आश्रयस्थललाई एउटा उपभोग गरिने वस्तुको रूपमा साँगुरो वा सीमित अर्थ दिने गरी मात्रै व्याख्या गरिनु हुँदैन। बरु, पर्याप्त आवासको अधिकारलाई कुनै पनि ठाउँमा सुरक्षा, शान्ति र मर्यादाका साथ बस्न पाउने व्यक्तिको अधिकारको रूपमा लिनु पर्दछ।[५०]

५० आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितिको सामान्य टिप्पनी नं. ४

The indicators for monitoring the right to adequate housing are based on four attributes: *(i) habitability; (ii) availability of services, materials, facilities and infrastructure and accessibility; (iii) housing affordability and; (iv) security of tenure.* These attributes are based on the exhaustive reading of the normative content of the right and its elaboration by the CESCR.[51]

Habitability implies that adequate housing must be spacious and protect the occupants from cold, dampness, heat, rain, wind or other threats to health, hazards, and diseases.[52] Similarly, adequate housing must be in a location which allows access to employment options, health-care services, schools, child-care centres and other social facilities. The way housing is constructed, the building materials used and the policies supporting these must appropriately enable the expression of cultural identity and diversity of housing.[53]

Availability of services, materials, facilities and infrastructure means that an adequate house must contain certain facilities such as safe drinking water, energy for cooking, heating and lighting, sanitation and washing facilities, means of food storage, refuse disposal, site drainage and emergency services essential for health, security, comfort and nutrition.

According to the Committee, adequate housing must be accessible to disadvantaged groups such as the elderly, children, persons with disabilities, HIV-positive individuals, persons with persistent medical problems, victims of natural disasters and people living in disaster-prone areas.[54]

The Committee underlines that all persons should possess a degree of security of tenure which guarantees legal protection against forced eviction, harassment and other threats. Tenure takes a variety of forms, including rental (public and private) accommodation, cooperative housing, lease, emergency housing and informal settlements, including occupation of land or property.

## Structural indicators

- Number and date of entry into force in Nepal of the international human rights treaties relevant to the right to adequate housing.
- Date of entry into force and coverage of the right to adequate housing in the Constitution and other national laws, including specific legislation on security of tenure, equal inheritance and protection against forced eviction and land acquisition.
- Time frame and coverage of national policy, code and action plans for the progressive implementation of the right to adequate housing, including specific policies and plans on rehabilitation, resettlement and management of disaster.

51 Report on indicators for monitoring compliance with international human rights instruments/HRI/2008.
52 General Comment No. 4 of CESCR
53 ibid
54 ibid

पर्याप्त आवासको अधिकारको सन्दर्भमा व्यक्तिको कानुनी भोगाधिकार, सार्वजनिक वस्तु, सेवा, सुविधा, पूर्वाधारको विकास र साधनहरूको उपलब्धता, क्रयशक्ति तथा क्षमता, बसोबासको उपयुक्तता, सुगमता, अवस्थिति तथा साँस्कृतिक उपयुक्तता र पर्याप्तता यसका केन्द्रीय तत्त्वहरू हुन् ।

पर्याप्त आवासको अधिकारसम्बन्धी सूचकाङ्कहरू यसका आधारभुत विशेषताहरू *(१) बसोबासको उपयुक्तता, (२) वस्तु, सेवा, सुविधा, पूर्वाधार र साधनहरूको उपलब्धता र पहुँचता, (३) क्रय शक्ति तथा क्षमता र (४) कानुनी भोगाधिकार*मा आधारित छन् । यी आधारभूत विशेषताहरू आवासको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी मापदण्डको विस्तृत तथा पूर्ण अध्ययन र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिको सामान्य टिप्पणी नं ४ र ७ मा निहित व्याख्यामा आधारित छ ।[५१]

बसोबासको उपयुक्तताले पर्याप्त आवास फराकिलो र सम्बन्धित व्यक्तिलाई जाडो, चिसो, गर्मी, हावा, पानी तथा रोगव्याधि, वा कुनै पनि प्रकारका प्रतिकूल स्वास्थ्य समस्या र खतराबाट जोगाउने खालको हुनु पर्दछ ।[५२] साथै, पर्याप्त आवास यस्तो ठाउँमा अवस्थित हुनुपर्दछ जसले गर्दा कुनै पनि व्यक्तिलाई काम वा रोजगारी, स्वास्थ्य सेवा, विद्यालय, बाल हेरचाह केन्द्र वा अन्य सामाजिक सुविधाहरूमा सजिलै पहुँच होस । त्यस्तै, आवास निर्माण विधि, निर्माण सामग्रीको प्रयोग तथा त्यससंग सम्बन्धित नीतिले व्यक्तिको साँस्कृतिक पहिचान तथा आवासको विविधतालाई अभिव्यक्त गर्नुपर्छ ।[५३]

वस्तु, सेवा, सुविधा र पूर्वाधार तथा साधनहरूको उपलब्धताले पर्याप्त आवासभित्र सफा खानेपानी, खाना पकाउने इन्धन, ताप र बत्ती, सरसफाई तथा लुगा धुने ठाउँ, खाद्यान्न भण्डारण, फोहरमैलाको व्यवस्थापन, ढलको सुविधा तथा स्वास्थ्य, सुरक्षा, आराम र पोषण जस्ता अत्यावश्यक सेवाहरूको उपलब्धतालाई जोड दिन्छ ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी समितिका अनुसार पर्याप्त आवास सुविधाविहीन समूहहरू जस्तै वृद्धवृद्धा, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, एचआईभी सङ्क्रमित, दीर्घ रोगी, प्राकृतिक प्रकोपबाट पीडित र प्रकोप जोखिम स्थानमा बसोबास गरिरहेका सबैको पहुँचभित्र हुनुपर्दछ ।[५४]

मानवअधिकारको विश्वव्यापी घोषणापत्र अनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातीको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूका साथै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने अवस्था सृजना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिंदै,

संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत मानवअधिकार तथा स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालनालाई प्रवर्द्धन गर्ने राष्ट्रहरूको दायित्वलाई विचार गर्दै,

अन्य व्यक्तिहरू तथा आफ्नो समुदायप्रति व्यक्तिको कर्तव्य भएकाले व्यक्तिसंग यस अभिसन्धिमा स्वीकार गरिएका अधिकारको प्रवर्द्धन र पालनाको लागि प्रयत्न गर्ने उत्तरदायित्व भएको कुरा महसुस गर्दै,

देहायका धाराहरूमा सहमत भएका छन्ः

## भाग १

### धारा १

१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो रा जनैतिक हैसियत निर्धारण गरी स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा लाग्दछन्।

2. All peoples may, for their own ends, freely dispose of their natural wealth and resources without prejudice to any obligations arising out of international economic co-operation, based upon the principle of mutual benefit, and international law. In no case may a people be deprived of its own means of subsistence.
3. The States Parties to the present Covenant, including those having responsibility for the administration of Non-Self-Governing and Trust Territories, shall promote the realization of the right of self-determination, and shall respect that right, in conformity with the provisions of the Charter of the United Nations.

# PART II

## Article 2

1. Each State Party to the present Covenant undertakes to take steps, individually and through international assistance and co-operation, especially economic and technical, to the maximum of its available resources, with a view to achieving progressively the full realization of the rights recognized in the present Covenant by all appropriate means, including particularly the adoption of legislative measures.
2. The States Parties to the present Covenant undertake to guarantee that the rights enunciated in the present Covenant will be exercised without discrimination of any kind as to race, colour, sex, language, religion, political or other opinion, national or social origin, property, birth or other status.
3. Developing countries, with due regard to human rights and their national economy, may determine to what extent they would guarantee the economic rights recognized in the present Covenant to non-nationals.

## Article 3

The States Parties to the present Covenant undertake to ensure the equal right of men and women to the enjoyment of all economic, social and cultural rights set forth in the present Covenant.

## Article 4

The States Parties to the present Covenant recognize that, in the enjoyment of those rights provided by the State in conformity with the present Covenant, the State may subject such rights only to such limitations as are determined by law only in so far as this may be compatible with the nature of these rights and solely for the purpose of promoting the general welfare in a democratic society.

## Article 5

1. Nothing in the present Covenant may be interpreted as implying for any State, group or person any right to engage in any activity or to perform any act aimed at the destruction of any of the rights or freedoms recognized herein, or at their limitation to a greater extent than is provided for in the present Covenant.

२. सम्पूर्ण जनताहरूले आपसी फाईदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै पनि दायित्वमा प्रतिकूल प्रभाव नपारी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक सम्पत्ति र स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन्। कुनै अवस्थामा पनि कुनै पनि जनतालाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

३. गैर स्वशासित तथा न्याय ईलाकाहरूको प्रशासन गर्ने उत्तरदायित्व भएका पक्ष राष्ट्रहरूलगायत प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले आत्मनिर्णयको अधिकारको प्राप्ति प्रवर्द्धन गर्ने र संयुक्त राष्ट्रसंघको बडापत्रका व्यवस्थाहरू अनुरूप सो अधिकारको सम्मान गर्नेछन्।

# भाग २

## धारा २

१. प्रस्तुत अभिसन्धिका प्रत्येक पक्ष राष्ट्रले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोग मार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गरी मूलत कानुनी उपायहरूको अवलम्वन समेत सम्पूर्ण समुचित उपायबाट प्रस्तुत अभिसन्धिमा स्वीकृत अधिकारहरू प्रगतिशीलरूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने प्रतिज्ञा गर्दछ।

२. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू प्रस्तुत अभिसन्धिमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

३. विकासशील देशहरूले मानवअधिकार तथा आफ्ना राष्ट्रिय अर्थ व्यवस्थालाई उचित ध्यान दिँदै प्रस्तुत अभिसन्धिमा स्वीकृत आर्थिक अधिकार गैर नागरिकहरूलाई कुन हदसम्म प्रत्याभूत गर्ने हो सो कुरा निर्धारण गर्नेछन्।

## धारा ३

प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले अभिसन्धिमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन्।

## धारा ४

प्रस्तुत अभिसन्धि अनुकूल हुनेगरी राष्ट्रले व्यवस्था गरेका अधिकारहरूको उपभोगमा यस्ता अधिकारहरूको प्रकृतिसँग मिल्ने गरी तथा प्रजातान्त्रिक समाजमा जनकल्याण प्रवर्द्धन गर्ने एक मात्र उद्देश्यका लागि कानुनद्वारा निर्धारित सीमाहरू अन्तर्गत मात्र सो राष्ट्रले त्यस्ता अधिकारहरू सीमित गर्नसक्ने कुरा अभिसन्धिका पक्ष राष्ट्रहरू स्वीकार गर्दछन्।

## धारा ५

१. कुनै पनि राष्ट्र, समूह वा व्यक्तिलाई प्रस्तुत अभिसन्धिमा स्वीकार गरिएका कुनै पनि अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई प्रस्तुत अभिसन्धिमा व्यवस्था भए भन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै पनि कृयाकलापमा संलग्न हुने वा काम गर्न पाउने अर्थ आउने गरी प्रस्तुत अभिसन्धिमा उल्लिखित कुनै पनि कुराको व्याख्या गर्न सकिने छैन।

2. No restriction upon or derogation from any of the fundamental human rights recognized or existing in any country in virtue of law, conventions, regulations or custom shall be admitted on the pretext that the present Covenant does not recognize such rights or that it recognizes them to a lesser extent.

# PART III

## Article 6

1. The States Parties to the present Covenant recognize the right to work, which includes the right of everyone to the opportunity to gain his living by work which he freely chooses or accepts, and will take appropriate steps to safeguard this right.
2. The steps to be taken by a State Party to the present Covenant to achieve the full realization of this right shall include technical and vocational guidance and training programmes, policies and techniques to achieve steady economic, social and cultural development and full and productive employment under conditions safeguarding fundamental political and economic freedoms to the individual.

## Article 7

The States Parties to the present Covenant recognize the right of everyone to the enjoyment of just and favourable conditions of work which ensure, in particular:

(a) Remuneration which provides all workers, as a minimum, with:

(i) Fair wages and equal remuneration for work of equal value without distinction of any kind, in particular women being guaranteed conditions of work not inferior to those enjoyed by men, with equal pay for equal work;

(ii) A decent living for themselves and their families in accordance with the provisions of the present Covenant;

(b) Safe and healthy working conditions;

(c) Equal opportunity for everyone to be promoted in his employment to an appropriate higher level, subject to no considerations other than those of seniority and competence;

(d ) Rest, leisure and reasonable limitation of working hours and periodic holidays with pay, as well as remuneration for public holidays

## Article 8

1. The States Parties to the present Covenant undertake to ensure:

(a) The right of everyone to form trade unions and join the trade union of his choice, subject only to the rules of the organization concerned, for the promotion and protection of his economic and social interests. No restrictions may be placed on the exercise of this right other than those prescribed by law and which are necessary in a democratic society in the interests of national security or public order or for the protection of the rights and freedoms of others;

२. प्रस्तुत अभिसन्धिले यस्ता अधिकारहरू स्वीकार गर्दैन वा तिनलाई कम मात्रामा स्वीकार गर्दछ भन्ने वहानामा कानुन, महासन्धि, नियम वा परम्पराका आधारमा कुनै पनि देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै पनि मौलिक मानवअधिकार उपरको कुनै पनि नियन्त्रण वा सोको कुनै पनि न्यूनतालाई स्वीकार गरिनेछैन।

# भाग ३

## धारा ६

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले काम गर्ने अधिकार स्वीकार गर्छन्, जसमा प्रत्येक व्यक्तिको आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकार समेत समावेश हुनेछ। साथै यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरुबाट चालिने कदमहरुमा प्राविधिक र व्यवसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, स्थिर आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास प्राप्त गर्ने नीति र प्रविधिहरू एवं व्यक्तिका मौलिक राजनीतिक तथा आर्थिक स्वतन्त्रता सुरक्षा गर्ने अवस्थाहरू अन्तरगत पूर्ण र उत्पादनमूलक रोजगारी समेत समावेश हुनेछन्।

## धारा ७

प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले खासगरी देहायका कुरा सुनिश्चित गर्ने कामका उचित र सुहाउँदा अवस्थाहरू उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई स्वीकार गर्दछन्ः

(क) सबै कामदारलाई न्यूनतमरूपमा देहायका कुरा उपलब्ध गराउने पारिश्रमिकः

(१) कुनै पनि प्रकारको भेदभाव विना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्था भन्दा निम्नकोटीको नभएको कामको अवस्था र समान कार्यका लागि समान तलवको प्रत्याभूति,

(२) प्रस्तुत अभिसन्धिका व्यवस्थाअनुरूप उनीहरू र उनीहरूका परिवारहरुलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित र स्वस्थ्य कार्यवस्था,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमाबाहेक अन्य कुनै पनि कुराका अधिनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपयुक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमांकन तथा तलबी आवधिक विदा लगायत सार्वजनिक विदा वापतको पारिश्रमिक।

## धारा ८

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू निम्न कुरा सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछन्ः

(क) आफ्नो आर्थिक तथा सामाजिक हित प्रवर्द्धन र संरक्षण गर्न त्यस्ता सम्बन्धित संगठनका नियमहरूको अधिनमा मात्र रहने गरी आफूले छानेका ट्रेड युनियन खोल्ने र त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार। यस अधिकारको प्रयोगमा कानुनले तोकेको तथा राष्ट्रिय वा सार्वजनिक व्यवस्था वा अरूको अधिकार र स्वतन्त्रताको संरक्षण गर्न प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पनि प्रतिबन्ध लगाउन पाईने छैन।

(b) The right of trade unions to establish national federations or confederations and the right of the latter to form or join international trade-union organizations;

(c) he right of trade unions to function freely subject to no limitations other than those prescribed by law and which are necessary in a democratic society in the interests of national security or public order or for the protection of the rights and freedoms of others;

(d) The right to strike, provided that it is exercised in conformity with the laws of the particular country.

2. This article shall not prevent the imposition of lawful restrictions on the exercise of these rights by members of the armed forces or of the police or of the administration of the State.

3. Nothing in this article shall authorize States Parties to the International Labour Organisation Convention of 1948 concerning Freedom of Association and Protection of the Right to Organize to take legislative measures which would prejudice, or apply the law in such a manner as would prejudice, the guarantees provided for in that Convention.

## Article 9

The States Parties to the present Covenant recognize the right of everyone to social security, including social insurance.

## Article 10

The States Parties to the present Covenant recognize that:

1. The widest possible protection and assistance should be accorded to the family, which is the natural and fundamental group unit of society, particularly for its establishment and while it is responsible for the care and education of dependent children. Marriage must be entered into with the free consent of the intending spouses.

2. Special protection should be accorded to mothers during a reasonable period before and after childbirth. During such period working mothers should be accorded paid leave or leave with adequate social security benefits.

3. Special measures of protection and assistance should be taken on behalf of all children and young persons without any discrimination for reasons of parentage or other conditions. Children and young persons should be protected from economic and social exploitation. Their employment in work harmful to their morals or health or dangerous to life or likely to hamper their normal development should be punishable by law. States should also set age limits below which the paid employment of child labour should be prohibited and punishable by law.

(ख) राष्ट्रिय महासंघ वा परिसंघ स्थापना गर्ने ट्रेड युनियनहरुको अधिकार तथा यस्ता महासंघ वा परिसंघहरूको अन्तर्राष्ट्रिय ट्रेड युनियन संगठनहरू खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार ।

(ग) कानुनद्वारा तोकिएका तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको हितमा वा अरुको अधिकार तथा स्वतन्त्रताहरुको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिवन्ध बाहेक अन्य कुनै पनि प्रतिबन्धहरूको अधिनमा नरहने गरी स्वतन्त्र रुपमा काम गर्न पाउने ट्रेड युनियनहरुको अधिकार ।

(घ) कुनै खास देशको कानुनअनुरूप प्रयोग हुने गरी हड्ताल गर्ने अधिकार ।

२. सैनिक बल वा प्रहरी वा राज्य प्रशासनका सदस्यद्वारा यी अधिकारहरुको प्रयोगमा कानुनी प्रतिबन्ध लगाउन यस धाराले रोक लगाउने छैन ।

३. यस धाराको कुनै पनि कुराले संघको स्वतन्त्रता तथा सङ्गठन गर्ने अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संङ्गठनको सन् १९४८ को महासन्धिका पक्ष राष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरूलाई प्रतिकूल प्रभाव पार्ने कानूनी उपायहरू अपनाउन वा त्यसरी प्रतिकूल प्रभाव पार्ने गरी कानुन लागु गर्न अख्तियारी दिने छैन ।

## धारा ९

प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक बीमा लगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन् ।

## धारा १०

प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू देहायका कुराहरू स्वीकार गर्दछन्-

१. परिवार समाजको प्राकृतिक र मूलभूत समूहगत इकाई भएकोले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह र शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिनुपर्दछ । इच्छुक बर बधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गर्नुपर्दछ । यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी विदा र पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको विदा दिनुपर्दछ ।

३. पितृत्व वा अन्य अवस्थाका आधारमा कुनै पनि भेदभाव नगरी सम्पूर्ण बालबालिका तथा तरुणहरुको पक्षमा संरक्षण र सहायताका विशेष उपायहरू अपनाउनु पर्दछ । आर्थिक र सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गर्नुपर्दछ । उनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक र जीवनको लागि खतरापूर्ण हुने वा उनीहरूको सामान्य विकासमा अवरोध गर्ने खालका काममा उनीहरूलाई लगाउने कार्यलाई कानुनद्वारा दण्डनीय बनाउनु पर्दछ । राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ, जुन उमेरभन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानुनद्वारा निषेधित र दण्डनीय बनाउनु पर्दछ ।

## Article 11

1. The States Parties to the present Covenant recognize the right of everyone to an adequate standard of living for himself and his family, including adequate food, clothing and housing, and to the continuous improvement of living conditions. The States Parties will take appropriate steps to ensure the realization of this right, recognizing to this effect the essential importance of international co-operation based on free consent.
2. The States Parties to the present Covenant, recognizing the fundamental right of everyone to be free from hunger, shall take, individually and through international co-operation, the measures, including specific programmes, which are needed:
(a) To improve methods of production, conservation and distribution of food by making full use of technical and scientific knowledge, by disseminating knowledge of the principles of nutrition and by developing or reforming agrarian systems in such a way as to achieve the most efficient development and utilization of natural resources;
(b) Taking into account the problems of both food-importing and food-exporting countries, to ensure an equitable distribution of world food supplies in relation to need.

## Article 12

1. The States Parties to the present Covenant recognize the right of everyone to the enjoyment of the highest attainable standard of physical and mental health.
2. The steps to be taken by the States Parties to the present Covenant to achieve the full realization of this right shall include those necessary for:
(a) The provision for the reduction of the stillbirth-rate and of infant mortality and for the healthy development of the child;
(b) The improvement of all aspects of environmental and industrial hygiene;
(c) The prevention, treatment and control of epidemic, endemic, occupational and other diseases;
(d) The creation of conditions which would assure to all medical service and medical attention in the event of sickness.

## Article 13

1. The States Parties to the present Covenant recognize the right of everyone to education. They agree that education shall be directed to the full development of the human personality and the sense of its dignity, and shall strengthen the respect for human rights and fundamental freedoms. They further agree that education shall enable all persons to participate effectively in a free society, promote understanding, tolerance and friendship among all nations and all racial, ethnic or religious groups, and further the activities of the United Nations for the maintenance of peace.
2. The States Parties to the present Covenant recognize that, with a view to achieving the full realization of this right:
(a) Primary education shall be compulsory and available free to all;
(b) Secondary education in its different forms, including technical and vocational secondary education, shall be made generally available and accessible to all by every appropriate means, and in particular by the progressive introduction of free education;

## धारा ११

१ प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले व्यक्तिगत रुपमा अन्तर्राष्ट्रिय सहयोग मार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्वन गर्नेछन्ः

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरुको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीको विकास र सुधार गरी, खाद्यान्नको उत्पादन, सन्चय तथा वितरणको तरीकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुबैका समस्याहरूलाई ध्यान दिंदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

## धारा १२

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरुले चाल्ने कदमहरुमा निम्न कुराका लागि आवश्यक कदमहरु समेत समावेश हुनेछन्ः

(क) शिशु मृत्यु दर तथा शिशु मृत्यु घटाउने र बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सबै पक्षको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत र अन्य रोगको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा र हेरचाह सुनिश्चित गर्ने अवस्थाको सिर्जना ।

## धारा १३

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन् । मानवीय व्यक्तित्व तथा प्रतिष्ठाको विकास तर्फ शिक्षा निर्देशित हुने र शिक्षाले मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरू प्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन् । स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरू बीच समभ्रूदारी, सहनशीलता र मित्रता प्रवर्द्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्रसंघका क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सबै व्यक्तिलाई सबल बनाउनेछ भन्ने कुरामा समेत उनीहरू सहमत छन् ।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले देहायका कुराहरू स्वीकार गर्छन्ः

(क) प्राथमिक शिक्षा अनिवार्य र सबैलाई निशुल्क उपलब्ध हुनेछ,

(ख) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा लगायत विभिन्नरूपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी निशुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाईनेछ,

(c) Higher education shall be made equally accessible to all, on the basis of capacity, by every appropriate means, and in particular by the progressive introduction of free education;

(d) Fundamental education shall be encouraged or intensified as far as possible for those persons who have not received or completed the whole period of their primary education;

(e) The development of a system of schools at all levels shall be actively pursued, an adequate fellowship system shall be established, and the material conditions of teaching staff shall be continuously improved.

3. The States Parties to the present Covenant undertake to have respect for the liberty of parents and, when applicable, legal guardians to choose for their children schools, other than those established by the public authorities, which conform to such minimum educational standards as may be laid down or approved by the State and to ensure the religious and moral education of their children in conformity with their own convictions.

4. No part of this article shall be construed so as to interfere with the liberty of individuals and bodies to establish and direct educational institutions, subject always to the observance of the principles set forth in paragraph I of this article and to the requirement that the education given in such institutions shall conform to such minimum standards as may be laid down by the State.

## Article 14

Each State Party to the present Covenant which, at the time of becoming a Party, has not been able to secure in its metropolitan territory or other territories under its jurisdiction compulsory primary education, free of charge, undertakes, within two years, to work out and adopt a detailed plan of action for the progressive implementation, within a reasonable number of years, to be fixed in the plan, of the principle of compulsory education free of charge for all.

## Article 15

1. The States Parties to the present Covenant recognize the right of everyone:

(a) To take part in cultural life;

(b) To enjoy the benefits of scientific progress and its applications;

(c) To benefit from the protection of the moral and material interests resulting from any scientific, literary or artistic production of which he is the author.

2. The steps to be taken by the States Parties to the present Covenant to achieve the full realization of this right shall include those necessary for the conservation, the development and the diffusion of science and culture.

3. The States Parties to the present Covenant undertake to respect the freedom indispensable for scientific research and creative activity.

4. The States Parties to the present Covenant recognize the benefits to be derived from the encouragement and development of international contacts and co-operation in the scientific and cultural fields.

(ग) सबैका लागि क्षमताका आधारमा हरेक उचित उपाय खासगरी निशुल्क शिक्षाको प्रगतिशील अवलम्वनबाट उच्च शिक्षा समानरूपमा पहुँचयोग्य बनाईनेछ,

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा प्राथमिक शिक्षाको पूर्ण अवधि पुरा नगरेका व्यक्तिहरूको लागि यथासम्भव मूलभूत शिक्षालाई प्रोत्साहित गरिने र तीव्र पारिनेछ,

(ङ) सबै तहमा विद्यालय प्रणालीको विकासलाई क्रियाशील रुपमा अवलम्वन गरिने, छात्रवृत्तिको पर्याप्त व्यवस्था गरिने तथा शिक्षण कर्मचारीको भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ।

३. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरू बाहेक पक्ष राष्ट्रहरूले व्यवस्था गरेका वा स्वीकृति दिएका न्यूनतम शैक्षिक मापदण्डअनुरूप चल्ने विद्यालयहरू छान्ने र आफ्नो आस्थाअनुसार आफ्ना बालबालिकाको धार्मिक र नैतिक शिक्षा सुनिश्चित गर्ने आमाबाबुको र, कानुनी संरक्षकको स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन्।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिईने शिक्षा पक्ष राष्ट्रहरूले निर्धारण गरेका न्यूनतम मापदण्डहरूअनुरूप हुनुपर्ने आवश्यकताको सदैव अधिनमा रहने गरी शैक्षिक संस्थाहरू स्थापित र निर्देशित गर्ने व्यक्ति तथा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि कुराको व्याख्या गरिने छैन।

## धारा १४

प्रस्तुत अभिसन्धिको पक्ष हुँदाका बखत आफ्नो ईलाका वा आफ्नो अधिकार क्षेत्रभित्रका अन्य ईलाकाहरूमा सबैका लागि निशुल्क अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न नसकेको प्रस्तुत प्रतिज्ञापत्रको प्रत्येक पक्ष राष्ट्रले योजनामा तोकिने वर्षको उचित अवधिभित्रमा सबैका लागि निशुल्क अनिवार्य शिक्षाको सिद्धान्तको प्रगतिशील कार्यान्वयन गर्न दुई वर्षभित्र विस्तारित कार्य योजना तयार पारी ग्रहण गर्ने प्रतिज्ञा गर्दछ।

## धारा १५

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू प्रत्येक व्यक्तिको निम्न कुराको अधिकार स्वीकार गर्छनः

(क) साँस्कृतिक जीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा सोको उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफू लेखक भएको कुनै पनि वैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक र भौतिक हितहरूको संरक्षणवाट फाइदा पाउने।

२. यस अधिकारको पूर्ण प्राप्तिका लागि प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले चाल्ने कदमहरूमा विज्ञान र सँस्कृतिको सन्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरू समेत समावेश हुनेछन्।

३. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू वैज्ञानिक अनुसन्धान तथा सृजनात्मक कृयाकलापका लागि अपरिहार्य स्वतन्त्रताको सम्मान गर्ने प्रतिज्ञा गर्दछन्।

४. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरू वैज्ञानिक तथा साँस्कृतिक क्षेत्रमा अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोगको प्रोत्साहन र विकासबाट हासिल गरिने फाईदा स्वीकार गर्दछन्।

# PART IV

## Article 16

1. The States Parties to the present Covenant undertake to submit in conformity with this part of the Covenant reports on the measures which they have adopted and the progress made in achieving the observance of the rights recognized herein.

(a) All reports shall be submitted to the Secretary-General of the United Nations, who shall transmit copies to the Economic and Social Council for consideration in accordance with the provisions of the present Covenant;

(b) The Secretary-General of the United Nations shall also transmit to the specialized agencies copies of the reports, or any relevant parts therefrom, from States Parties to the present Covenant which are also members of these specialized agencies in so far as these reports, or parts therefrom, relate to any matters which fall within the responsibilities of the said agencies in accordance with their constitutional instruments.

## Article 17

1. The States Parties to the present Covenant shall furnish their reports in stages, in accordance with a programme to be established by the Economic and Social Council within one year of the entry into force of the present Covenant after consultation with the States Parties and the specialized agencies concerned.
2. Reports may indicate factors and difficulties affecting the degree of fulfilment of obligations under the present Covenant.
3. Where relevant information has previously been furnished to the United Nations or to any specialized agency by any State Party to the present Covenant, it will not be necessary to reproduce that information, but a precise reference to the information so furnished will suffice.

## Article 18

Pursuant to its responsibilities under the Charter of the United Nations in the field of human rights and fundamental freedoms, the Economic and Social Council may make arrangements with the specialized agencies in respect of their reporting to it on the progress made in achieving the observance of the provisions of the present Covenant falling within the scope of their activities. These reports may include particulars of decisions and recommendations on such implementation adopted by their competent organs.

## Article 19

The Economic and Social Council may transmit to the Commission on Human Rights for study and general recommendation or, as appropriate, for information the reports concerning human rights submitted by States in accordance with articles 16 and 17, and those concerning human rights submitted by the specialized agencies in accordance with article 18.

## भाग ४

### धारा १६

१. प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले अभिसन्धिमा स्वीकार गरिएका अधिकारहरूको पालना गर्न आफूले ग्रहण गरेका उपाय तथा तत्सम्बन्धमा हासिल गरिएको प्रगति सम्बन्धी प्रतिवेदनहरू अभिसन्धिको यस भागअनुरूप पेश गर्ने प्रतिज्ञा गर्दछन् ।

(क) सबै प्रतिवेदन संयुक्तराष्ट्रसंघका महासचिव समक्ष पेश गरिनेछन् । निजले प्रतिवेदनका प्रतिहरू प्रस्तुत प्रतिज्ञापत्रका व्यवस्थाअनुरूप आर्थिक तथा सामाजिक परिषद्लाई विचारका लागि प्रसार गर्नेछन् ।

(ख) संयुक्त राष्ट्र संघका महासचिवले विशिष्टिकृत निकायहरूलाई पनि प्रस्तुत अभिसन्धिका पक्ष भएका सदस्य राष्ट्रहरूबाट प्राप्त निवेदनहरू तथा त्यसका अंशहरू त्यस्ता निकायका विधानहरू अनुरुपका उत्तरदायित्वहरू भित्र पर्ने कुनै पनि विषयसँग सम्बन्धित भएमा ती प्रतिवेदन र तिनका सान्दर्भिक अंशहरू त्यस्ता निकायहरूलाई पनि प्रसार गर्नेछन् ।

### धारा १७

१. पक्ष राष्ट्रहरू तथा सम्बन्धित विशिष्टिकृत निकायहरूसँग छलफल गरी प्रस्तुत अभिसन्धि लागु भएको एक वर्षभित्र आर्थिक तथा सामाजिक परिषद्बाट निर्धारण गरिने कार्यक्रमअनुरूप प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूले विभिन्न चरणमा आफ्ना प्रतिवेदनहरू पेश गर्नेछन् ।

२. प्रतिवेदनहरूमा प्रस्तुत अभिसन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कारण तथा कठिनाईहरू उल्लेख गर्न सकिनेछ ।

३. संयुक्त राष्ट्रसंघ वा कुनै विशिष्टिकृत निकायलाई प्रस्तुत अभिसन्धिको कुनै पक्ष राष्ट्रले सान्दर्भिक जानकारी अगाडि नै दिईसकेको भए त्यस्तो जानकारी पुनः पेश गर्न आवश्यक हुने छैन । तर त्यसरी दिईएको जानकारीको संक्षिप्त सन्दर्भ पर्याप्त हुनेछ ।

### धारा १८

मानवअधिकार तथा मौलिक स्वतन्त्रताको क्षेत्रमा संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गतका आफ्ना उत्तरदायित्व वमोजिम आर्थिक तथा सामाजिक परिषद्ले विशिष्टिकृत निकायहरूसँग उनीहरूका आफ्ना कृयाकलापका क्षेत्रभित्र पर्ने प्रस्तुत अभिसन्धिका व्यवस्थाहरूको पालनाको सम्बन्धमा भएका प्रगतिबारे आफू समक्ष प्रतिवेदन दिने व्यवस्था गर्न सक्नेछ । यस्ता प्रतिवेदनमा त्यस्ता निकायहरूका सक्षम अंगहरूबाट यस्तो कार्यान्वयनका सम्बन्धमा ग्रहण गरिएका निर्णय तथा सिफारिसका विवरणहरू समेत समावेश गर्न सकिनेछ ।

### धारा १९

आर्थिक तथा सामाजिक परिषद्ले धारा १६ र १७ अनुरुप पक्ष राष्ट्रहरूले पेश गरेका मानवअधिकार सम्बन्धी प्रतिवेदनहरू तथा धारा १८ अनुरूप विशिष्टिकृत निकायहरूले पेश गरेका मानवअधिकार सम्बन्धी प्रतिवेदनहरू अध्ययन र सामान्य सिफारिस तथा उपयुक्तता अनुसार जानकारीका लागि मानवअधिकार सम्बन्धी आयोगलाई पठाउन सक्नेछ ।

## Article 20

The States Parties to the present Covenant and the specialized agencies concerned may submit comments to the Economic and Social Council on any general recommendation under article 19 or reference to such general recommendation in any report of the Commission on Human Rights or any documentation referred to therein.

## Article 21

The Economic and Social Council may submit from time to time to the General Assembly reports with recommendations of a general nature and a summary of the information received from the States Parties to the present Covenant and the specialized agencies on the measures taken and the progress made in achieving general observance of the rights recognized in the present Covenant.

## Article 22

The Economic and Social Council may bring to the attention of other organs of the United Nations, their subsidiary organs and specialized agencies concerned with furnishing technical assistance any matters arising out of the reports referred to in this part of the present Covenant which may assist such bodies in deciding, each within its field of competence, on the advisability of international measures likely to contribute to the effective progressive implementation of the present Covenant.

## Article 23

The States Parties to the present Covenant agree that international action for the achievement of the rights recognized in the present Covenant includes such methods as the conclusion of conventions, the adoption of recommendations, the furnishing of technical assistance and the holding of regional meetings and technical meetings for the purpose of consultation and study organized in conjunction with the Governments concerned.

## Article 24

Nothing in the present Covenant shall be interpreted as impairing the provisions of the Charter of the United Nations and of the constitutions of the specialized agencies which define the respective responsibilities of the various organs of the United Nations and of the specialized agencies in regard to the matters dealt with in the present Covenant.

## Article 25

Nothing in the present Covenant shall be interpreted as impairing the inherent right of all peoples to enjoy and utilize fully and freely their natural wealth and resources.

### धारा २०

धारा १९ अन्तर्गत गरिएको कुनै सामान्य सिफारिस वा मानवअधिकार सम्बन्धी आयोगको कुनै प्रतिवेदनमा भएको यस्तो सामान्य सिफारिसको विषयमा वा त्यसमा उल्लिखित कुनै कागजातको कुनै सन्दर्भका सम्बन्धमा अभिसन्धिका पक्ष राष्ट्रहरू र सम्बन्धित विशिष्टिकृत निकायहरूले आर्थिक तथा सामाजिक परिषद् समक्ष प्रतिकृयाहरू पेश गर्न सक्नेछन् ।

### धारा २१

प्रस्तुत अभिसन्धिमा स्वीकृत अधिकारहरूको सामान्य पालनाका लागि लिइएका उपायहरू तथा तत्सम्बन्धमा हासिल गरिएका प्रगतिबारे प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू र विशिष्टिकृत निकायहरूबाट प्राप्त जानकारीको सारांश तथा सामान्य प्रकृतिका सिफारिस समावेश भएका प्रतिवेदनहरू आर्थिक तथा सामाजिक परिषद्ले समय समयमा महासभा समक्ष पेश गर्न सक्नेछ ।

### धारा २२

आर्थिक तथा सामाजिक परिषद्ले प्राविधिक सहायता उपलब्ध गराउने कार्यसँग सम्बन्धित संयुक्त राष्ट्रसंघका अन्य अङ्गहरू, तिनका सहायक अङ्गहरू तथा विशिष्टिकृत निकायहरूले आफ्नो सक्षमताभित्र रही प्रस्तुत अभिसन्धिको प्रभावकारी प्रगतिशील कार्यान्वयनमा योगदान दिनसक्ने खालका अन्तर्राष्ट्रिय उपायहरूको ग्रहणयोग्यताको बारेमा निर्णय गर्न सघाउ पुर्‍याउन सक्ने प्रस्तुत प्रतिज्ञापत्रको यस भागमा उल्लिखित प्रतिवेदनहरूबाट उत्पन्न कुनै पनि कुरालाई त्यस्ता निकायहरुको ध्यानमा ल्याउन सक्नेछ ।

### धारा २३

प्रस्तुत अभिसन्धिमा स्वीकृत अधिकारहरुको प्राप्तिको लागि गरिने अन्तर्राष्ट्रिय कृयाकलापमा महासन्धि सम्पन्न गर्ने, सिफारिस ग्रहण गर्ने, प्राविधिक सहायता उपलब्ध गराउने तथा सल्लाह र अध्ययनको उद्देश्यको लागि सम्बन्धित सरकारहरुसँग मिलेर आयोजना गरिएका क्षेत्रीय तथा प्राविधिक वैठकहरु गर्ने जस्ता तरीकाहरू समावेश हुन्छन् भनी प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरू मन्जूर गर्दछन् ।

### धारा २४

संयुक्त राष्ट्र संघको बडापत्रका व्यवस्थाहरू तथा अभिसन्धिमा उल्लिखित कुराहरूका सम्बन्धमा संयुक्त र ाष्ट्रसंघका विभिन्न अंगहरू र विशिष्टिकृत निकायहरूका आ-आफ्ना उत्तरदायित्वहरू परिभाषित गर्ने विशिष्टिकृत निकायका विधानका व्यवस्थाहरूलाई कमजोर पार्ने गरी अभिसन्धिको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

### धारा २५

आफ्ना प्राकृतिक सम्पत्ति तथा स्रोतहरूको पूर्ण र स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सबै जनताको अन्तरनिहित अधिकारलाई आघात पार्ने गरी प्रस्तुत अभिसन्धिको कुनै पनि कुराको व्याख्या गरिने छैन ।

# PART V

## Article 26

1. The present Covenant is open for signature by any State Member of the United Nations or member of any of its specialized agencies, by any State Party to the Statute of the International Court of Justice, and by any other State which has been invited by the General Assembly of the United Nations to become a party to the present Covenant.
2. The present Covenant is subject to ratification. Instruments of ratification shall be deposited with the Secretary-General of the United Nations.
3. The present Covenant shall be open to accession by any State referred to in paragraph 1 of this article.
4. Accession shall be effected by the deposit of an instrument of accession with the Secretary-General of the United Nations.
5. The Secretary-General of the United Nations shall inform all States which have signed the present Covenant or acceded to it of the deposit of each instrument of ratification or accession.

## Article 27

1. The present Covenant shall enter into force three months after the date of the deposit with the Secretary-General of the United Nations of the thirty-fifth instrument of ratification or instrument of accession.
2. For each State ratifying the present Covenant or acceding to it after the deposit of the thirty-fifth instrument of ratification or instrument of accession, the present Covenant shall enter into force three months after the date of the deposit of its own instrument of ratification or instrument of accession.

## Article 28

The provisions of the present Covenant shall extend to all parts of federal States without any limitations or exceptions.

## Article 29

1. Any State Party to the present Covenant may propose an amendment and file it with the Secretary-General of the United Nations. The Secretary-General shall thereupon communicate any proposed amendments to the States Parties to the present Covenant with a request that they notify him whether they favour a conference of States Parties for the purpose of considering and voting upon the proposals. In the event that at least one third of the States Parties favours such a conference, the Secretary-General shall convene the conference under the auspices of the United Nations. Any amendment adopted by a majority of the States Parties present and voting at the conference shall be submitted to the General Assembly of the United Nations for approval.
2. Amendments shall come into force when they have been approved by the General Assembly of the United Nations and accepted by a two-thirds majority of the States Parties to the present Covenant in accordance with their respective constitutional processes.

## भाग ५

### धारा २६

१. प्रस्तुत अभिसन्धि संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र तथा यसका कुनै विशिष्टिकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको पक्ष राष्ट्र तथा संयुक्त राष्ट्र संघको महासभाले प्रस्तुत प्रतिज्ञापत्रको पक्ष हुन आमन्त्रण गरेको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. प्रस्तुत अभिसन्धिलाई अनुमोदन गर्नु पर्नेछ । अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला गरिनेछ।

३. प्रस्तुत अभिसन्धि यस धाराको प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

५. संयुक्त राष्ट्रसंघका महासचिवले प्रस्तुत अभिसन्धिमा हस्ताक्षर गरेका वा यसमा सम्मिलित भएका सबै राष्ट्रहरूलाई अनुमोदन वा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन्।

### धारा २७

१. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दाखिला भएको मितिले तीन महिना देखि प्रस्तुत अभिसन्धि लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको पैतीसौं लिखत दाखिला भएपछि प्रस्तुत अभिसन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिना देखि प्रस्तुत अभिसन्धि लागु हुनेछ।

### धारा २८

प्रस्तुत अभिसन्धिका व्यवस्थाहरू संघीय राष्ट्रका सबै भागहरुमा कुनै सीमा वा अपवाद विना विस्तार हुनेछन्।

### धारा २९

१. प्रस्तुत अभिसन्धिको कुनै पनि पक्ष राष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्रसंघका महासचिव समक्ष दर्ता गर्न सक्नेछ। महासचिवले सो प्रस्ताव उपर विचार एवं मतदान गर्ने उद्देश्यले पक्ष राष्ट्रहरूको सम्मेलन गर्ने पक्षमा उनीहरू भए नभएको कुराको सूचना निजलाई दिने अनुरोध सहित प्रस्तावित संशोधन पक्ष राष्ट्रहरूलाई पठाउने छन्। कम्तिमा एक तिहाई पक्ष राष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसंघको तत्वावधानमा सो सम्मेलनको आयोजना गर्नेछन्। महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्ष राष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त राष्ट्रसंघको महासभा समक्ष पेश गर्नेछन्।

२. संयुक्त राष्ट्र संघको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत अभिसन्धिका पक्ष राष्ट्रहरूको दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भए पछि संशोधनहरू लागु हुनेछन्।

3. When amendments come into force they shall be binding on those States Parties which have accepted them, other States Parties still being bound by the provisions of the present Covenant and any earlier amendment which they have accepted.

## Article 30

Irrespective of the notifications made under article 26, paragraph 5, the Secretary-General of the United Nations shall inform all States referred to in paragraph I of the same article of the following particulars:

(a) Signatures, ratifications and accessions under article 26;

(b) The date of the entry into force of the present Covenant under article 27 and the date of the entry into force of any amendments under article 29.

## Article 31

1. The present Covenant, of which the Chinese, English, French, Russian and Spanish texts are equally authentic, shall be deposited in the archives of the United Nations.
2. The Secretary-General of the United Nations shall transmit certified copies of the present Covenant to all States referred to in article 26.

३. संशोधनहरू लागु भएपछि ती संशोधनहरू स्वीकार गर्ने पक्ष राष्ट्रहरूका हकमा वाध्यात्मक हुनेछन् भने अन्य पक्ष राष्ट्रहरूका हकमा प्रस्तुत अभिसन्धिका व्यवस्थाहरू तथा उनीहरुले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरू बाध्यात्मक हुनेछन् ।

### धारा ३०

धारा २६ को प्रकरण ५ अन्तर्गत सूचना दिईएको भए तापनि संयुक्त राष्ट्रसंघका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सबै राष्ट्रलाई देहायका विवरणको जानकारी दिनेछन्ः

(क) धारा २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू,

(ख) धारा २७ अन्तर्गत प्रस्तुतअभिसन्धि लागू हुने मिति र धारा २९ अर्न्तगतका संशोधनहरू लागु हुने मिति ।

## धारा ३१

१. अरवी, चीनीया, अंग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरु समानरूपले प्रामाणिक हुने प्रस्तुत अभिसन्धि संयुक्त राष्ट्रसंघको अभिलेखालयमा दाखिला गरिनेछ ।

२. संयुक्त राष्ट्रसंघका महासचिवले धारा २६ मा उल्लिखित सबै राष्ट्रलाई प्रस्तुत अभिसन्धिका प्रमाणित प्रतिहरू पठाउने छन् ।

# ACKNOWLEDGEMENTS

Many people directly or indirectly contributed in the development of this User's Guide.

Special thanks go to the members of the Working Group on ESCR Indicators who have enormously contributed to the development of this Guide:

- **Jagat Deuja,** Programme Manger, Community Self-Reliance Centre
- **Govind Nepali,** Member, National Dalit Commission
- **Dillip Khadka,** National Women Commission
- **Kabiraj Khanal,** Under Secretary, Ministry of Health & Population, Government of Nepal
- **Kosh Raj Neupane,** Deputy-Director and **Uma Joshi,** Human Rights Officer National Human Rights Commission
- **Dip Magar,** OHCHR-Nepal

Special thanks also go to **Mr. Rajeev Malhotra, who not only provided** conceptual understanding and skills to identify and use human rights indicators, but also constantly encouraged and provided guidance and support to the Working Group in the course of identifying indicators.

Laura Schweizer, Brian Griffey and Lok Nath Sangraula of OHCHR-Nepal also deserve special thanks for their various contribution, including providing editing support.

This Guide is published with the support of the Project on Strengthening Capacity of the National Human Rights Commission, Nepal.

National Human Right Commission OHCHR-Nepal

# कृतज्ञता

यो पुस्तिका तयार पार्नमा धेरैको योगदान रहेको छ।

कार्यसमूहका सदस्यहरू विशेष धन्यवादको पात्र हुनुहुन्छ जसको अथक प्रयास विना यो सम्भव नहुन सक्थ्यो। उहाँहरू हुनुहुन्छः

- **जगत देउजा,** कार्यक्रम निर्देशक, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, काठमाण्डौं
- **गोविन्द नेपाली,** सदस्य, राष्ट्रिय दलित आयोग
- **दिलिप खड्का,** राष्ट्रिय महिला आयोग
- **कविराज खनाल,** उपसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, नेपाल सरकार
- **कोषराज न्यौपाने,** उपनिर्देशक र **उमा जोशी,** मानवअधिकार अधिकृत, राष्ट्रिय मानवअधिकार आयोग
- **दीप मगर,** मानवअधिकार अधिकृत, मानवअधिकार उच्चायुक्तको कार्यालयनेपाल

त्यस्तै, तालिम कार्यशालाहरूमा स्रोत व्यक्तिकोरूपमा नेपाल आएर र साथै आफ्नो समयसमयमा कार्यसमूहका सदस्यहरूलाई यो पुस्तिका तयारी गर्नमा निरन्तर सहयोग र मार्गदर्शन प्रदान गर्नुहुने मानवअधिकार सूचकाङ्क सम्बन्धी अन्तराष्ट्रिय विज्ञ **राजीव मल्होत्रा**लाई पनि विशेष धन्यवाद दिन चाहन्छौ।

यस पुस्तिकाको तयारीमा भाषागत त्रुटीलाई सच्याउने लगायत अन्य विभिन्न प्रकारले सहयोग गर्नुहुने उच्चायुक्त कार्यालय-नेपालका लाउरा स्क्वीजर, ब्राइन ग्रिफी र लोकनाथ संग्रौला पनि धन्यवादको पात्र हुनुहुन्छ ।

राष्ट्रिय मानवअधिकार आयोग, क्षमता सबलीकरण परियोजनाको सहयोगमा यस पुस्तिकाको प्रकाशन भएको हो ।

राष्ट्रिय मानवअधिकार आयोग                    मानवअधिकार उच्चायुक्तको कार्यालय-नेपाल

राष्ट्रिय महिला आयोग-२०५८

NWC

CSRC

आत्मनिर्भर केन्द्र

National Dalit Commission